# हाम्रो गोदावरी

## स्थानीय पाठ्यक्रम

### आधारभूत तह (कक्षा ४-५)

### २०८०



गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

बज्रबाराही, ललितपुर

# हाम्रो गोदावरी
## स्थानीय पाठ्यक्रम
आधारभूत तह (कक्षा ४-५)
२०८०

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बज्रबाराही, ललितपुर ।

**सम्पर्क फोन**: ०१५५७५९२, ०१५७२७९५
**Email:** godawari.nagarpalika@gmail.com
**Website:** www.godawarimun.gov.np

**स्थानीय पाठ्यक्रम सल्लाहकार समिति**
श्री गजेन्द्र महर्जन, नगरप्रमुख
श्री मुना अधिकारी, नगर उपप्रमुख
श्री मानबहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत
श्री दीनानाथ पन्थी, प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा
श्री सुनिता महर्जन, वरिष्ठ विद्यालय निरीक्षक

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**संयोजक** : श्री शेखर न्यौपाने, वडा नं. १० अध्यक्ष तथा सामाजिक विकास समिति संयोजक
**सदस्य** : श्री सरोज कुमार के.सी., प्रधानाध्यापक, श्री किटिनी मा.वि. तथा पाठ्यक्रमविद्
**सदस्य** : श्री महेन्द्र विष्ट, प्रधानाध्यापक, श्री सरस्वती मा.वि. ठेचो तथा पाठ्यक्रमविद्
**सदस्य** : श्री नानीराम सञ्जेल, शिक्षक श्री सरस्वती मा.वि. लेले तथा पाठ्यक्रमविद्
**सदस्य सचिव**: श्री पदम कुँवर, शाखा अधिकृत शिक्षा, युवा तथा खेलकुद शाखा

**भाषा सम्पादन**
रत्नहरि सञ्जेल
रोशन दाहाल

# हाम्रो भनाइ

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह (कक्षा १ - ८) को शिक्षामा स्थानीय पाठ्यक्रमको निर्माण गरी लागू गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । राष्ट्रिय पाठ्यक्रमले स्थानीय ज्ञान, सिप, आवश्यकता तथा महत्त्वका विषयवस्तुहरूलाई समेट्न नसक्ने अवस्था रहन्छ । यसका लागि बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप, मूल्य, मान्यता, जीवनशैली, सम्भावना आदिको बारेमा सिकाउनु आवश्यक हुन्छ। स्थानीय भूगोल; भाषा; साहित्य; ज्ञान, सिप र प्रविधिः संस्कृति, पहिचान, आर्थिक सामाजिक जीवन तथा मूल्य मान्यताहरूको संवर्द्धन गर्न र नयाँ पुस्तामा ज्ञान सिपको हस्तान्तरण गर्नका लागि स्थानीय पाठ्यक्रमको विकास गरी लागू गर्ने व्यवस्था स्थानीय पाठ्यक्रममा रहेको छ । यसै सन्दर्भमा गोदावरी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामार्फत् यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस पाठ्यक्रममार्फत् विद्यार्थीहरूले गोदावरी क्षेत्रको स्थानीय भूगोल, भाषा, साहित्य, ज्ञान सिप र प्रविधि, संस्कृति र भाषाको पहिचान, आर्थिक सामाजिक जीवन तथा मूल्य मान्यताहरूको बारेमा सिक्ने र आफ्नो जीवनलाई अगाडि बढाउन आवश्यक पर्ने ज्ञान सिपको विकास गर्ने छन् । यस क्षेत्रका सम्पदाहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान स्थापित गर्ने काममा समेत यो पाठ्क्रमले सघाउ पुग्ने अपेक्षा गरिएको छ।

यस पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने शिक्षक तालिम, विद्यार्थी कार्यपुस्तक तथा शिक्षक निर्देशिका जस्ता सामग्री तयार पारी कार्यान्वयन गरिने छ । स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने अनगिन्ती स्थानीय विषयवस्तु हुन्छन् । त्यसैले यस पाठ्यक्रममा धेरै विषयवस्तुहरू छुटेका हुन सक्छन् । अथक प्रयासबाट पनि  यस पाठ्यक्रममा नसमेटिएका वा छुटेका र त्रुटि भएका विषयवस्तुहरूका सम्बन्धमा रचनात्मक सुझाव, सल्लाह दिएर सहयोग गरिदिनुहुन सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ । प्राप्त सुझाव र सल्लाहलाई यस पाठ्यक्रम अध्यावधिक गर्ने क्रममा समेटिने छ ।

अन्त्यमा, यस पाठ्यक्रमको निर्माणमा सहभागी हुने स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार समिति, स्थनीय पाठ्यक्रम निर्माण कार्यदल तथा विषयविज्ञहरू, मस्यौदा परिमार्जन तथा लेखन कार्यदलका सदस्यहरू, स्थानीय विज्ञहरू, भाषा सम्पादनमा संलग्न विज्ञहरू, नगर शिक्षा समितिका पदाधिकारीहरू, शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत तथा कर्मचारीहरू, अभिभावकहरूलगायत प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ ।

**शिक्षा, युवा तथा खेलकुद शाखा**
**गोदावरी नगर कार्यपालिका**

## भाग - १

# स्थानीय पाठ्यक्रमको अवधारणा

### भूमिका

स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकतानुसारका विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई स्थानीय विद्यालयहरूमा लागु गर्दा यहाँका बालबालिकाहरूले आफू र आफ्नो परिवेशसम्बन्धी शिक्षा पनि विद्यालयबाटै पाउँदा उनीहरू अझ स्थानीय विषयवस्तु र सम्भावनाका सम्बन्धमा जानकार भई सरल र सक्षम जीवनयापनमा टेवा पुग्ने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र महत्त्वका विषयहरूलाई समेटेको हुन्छ तर यसले सबै स्थानीय विषयवस्तुहरूलाई समेट्न सकेको हुँदैन । शिक्षा प्रणालीमा स्थानीय विषयवस्तुलाई समेटिएन भने नागरिकहरूले आफ्नो स्थानीय परिवेश, ज्ञान, सिप, जीवनशैली, आर्थिक सम्भावना र अभ्यासहरूका बारेमा औपचारिक रूपमा सिक्न अवसर पाउँदैनन् । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका यस्ता स्थानीय भौगोलिक, सामाजिक, सांकृतिक, आर्थिक पक्षहरू, जीवनोपयोगी सिपहरू, रोजगारी तथा उद्यमशीलता, मातृभाषिक पक्षहरू जस्ता विषयवस्तुहरू पनि विद्यालय शिक्षामा समावेश गर्नुपर्ने हुन्छ । यही आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकारले स्थानीय पाठ्यक्रमको अवधारणालाई कार्यान्वयनमा ल्याएको हो ।

स्थानीय पाठ्यक्रमको अवधारणाका केही सैद्धान्तिक आधारहरू पनि रहेका छन् । **पहिलो आधार** : स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place–based Education Theory) हो । यस सिद्धान्तअनुसार स्थानीय समुदायलाई स्थानीय वातावरण तथा जनजीवनको संरक्षण र विकासको लागि स्थानीय पाठ्यक्रमको आवश्यकता हुन्छ । **दोस्रो आधार** : सामजिक पुनर्संरचनावादी सिद्धान्त (Social Re-constructivism Theory) हो । यस सिद्धान्तले स्थानीय सामाजिक आवश्यकता, सामाजिक मुद्दाहरू, समसामयिक विचार र भविष्यपरक आशाहरू पाठ्यक्रममा समावेश भएमा समाज विकासमा महत्त्वपूर्ण टेवा पुग्छ भन्ने कुरालाई जोड दिएको छ । **तेस्रो आधार** : शैक्षिक विकेन्द्रीकरणको सिद्धान्त हो । यसअनुसार स्थानीय आवश्यकता समेट्ने गरी स्थानीय स्तरमा नै पाठ्यक्रम बनाई कार्यान्वयन गरिन्छ । यसरी Think globally, act locally को मान्यताअनुसार विश्वव्यापी ज्ञानलाई केन्द्रीय पाठ्यक्रमले र स्थानीय ज्ञानलाई स्थानीय पाठ्यक्रमले समेट्ने गरिन्छ । स्थान विशेषको भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, पेसागत तथा आर्थिक क्रियाकलापहरूमा विविधता हाम्रो वास्तविकता हो । स्थान विशेषमा रहेका भौगोलिक, सामाजिक र आर्थिक विशेषताहरूमा स्थानीय जनजीवन चलेको हुन्छ । स्थानीय पाठ्यक्रमले यिनै पक्षहरूलाई उजागर गर्दै स्थानीय ज्ञान र सिपलाई औपचारिक शिक्षामा समावेश गर्ने कार्य गर्दछ ।

यसै सिलसिलामा यस नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम तयार गरेको छ । गोदावरी नगरपालिकाअन्तर्गतका विद्यालयमा अध्ययनरत बालबालिकाले गोदावरीकै व्यावसायिक सम्भावना र स्थानीय अभ्यासहरू बारेमा जानकारी पाउन सकुन् भन्ने उद्देश्यले यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो ।

### स्थानीय पाठ्यक्रमको उद्देश्य

यस पाठ्यक्रमको मुख्य उद्देश्य गोदावरी नगरपालिकाको विद्यालयहरूमा अध्ययन गर्ने बालबालिकाहरूलाई स्थानीय भूगोल, सामाजिक क्रियाकलाप, सांस्कृतिक र अन्य स्थानीय विषयहरू सम्बन्धमा जानकारी गराउने रहेको छ । स्थानीय पाठ्यक्रमका उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- स्थानीय कला, संस्कृति र मूल्य मान्यताको संरक्षण र सम्बर्द्ध गर्न सहयोग गर्नु,
- सामाजिक, सांस्कृतिक, प्राकृतिक विविधता र वातावरणको सचेतना अभिवृद्धि गर्नु ,

- बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र साँस्कृतिक पक्षको विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने अवसर सिर्जना गर्नु,
- दैनिक जीवनमा आवश्यक पर्ने जीवनोपयोगी सिपहरूको विकास गर्नु,
- स्थानीय क्षेत्रको व्यवसाय पेसा एवम् रोजगारीको जानकारी गर्दै जगेर्ना र विकास गर्न सहयोग गर्नु,

## स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय पाठ्यक्रम प्रारूप २०७१ ले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्त्वलाई निम्न लिखित बुँदाहरूमा समेटेको देखिन्छ :

- स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्छ ।
- यो स्थानीय मागमा आधारित हुन्छ ।
- यसले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।
- यसले स्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।
- अपनत्वको भावनाको विकास गराउँछ ।
- यसले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।
- रोजगार तथा स्वरोजगारको सिर्जना गर्न मद्दत गर्छ ।
- यसले सैद्धान्तिक भन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- यसको शिक्षण सिकाइमा विद्यार्थी केन्द्रित प्रयोगात्मक र परियोजनात्मक विधिमा जोड दिइन्छ ।

## स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको नीतिगत व्यवस्था

नेपालमा विद्यालय शिक्षाको आधारभूत तहमा स्थानीय पाठ्यक्रमको अवधारणालाई प्रोत्साहित गर्ने तथा लागू गर्ने सम्बधमा विभिन्न नीतिगत व्यवस्था रहेका छन् ।

नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हकअन्तर्गत् धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। धारा ३२ को उपधारा २ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हकको व्यवस्था छ । त्यस्तै उपधारा ३ मा प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन तथा संरक्षण गर्ने हकको व्यवस्था रहेको छ । यस कारण यस व्यवस्थालाई कार्यान्वियन गर्नको लागि विद्यालय तहमा स्थानीय पाठ्यक्रम तर्जुमा गरी सोमार्फत् स्थानीय समुदायमा रहेका भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाहरूलाई संरक्षण तथा सम्वर्द्धन गर्नको लागि नागरिकहरूमा ज्ञान, सिप प्रविधिको विकास गर्न जरूरी देखिन्छ । यसको लागि उक्त विषयवस्तु समावेश गरी विद्यालयमा स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन एक महत्त्वपूर्ण माध्यमको रूपमा रहेको छ ।

यस्तै नेपालको पन्ध्रौं आवधिक योजनाको अवधारणापत्र (२०७६/०७७ - २०७९/०८०) ले मानव संसाधन, पूर्वाधार र प्रविधि विकास, र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रम लागु गरी सबै तहको शिक्षामा गुणस्तर विकास गर्ने रणनीति लिएको छ । यसको लागि विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गरी लागु गर्नुपर्ने सन्दर्भमा निर्देश गरेको छ। आधारभूत तहको कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्ने र शिक्षण सिकाइका लागि आवश्यकतानुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाउने भन्ने उल्लेख छ । तोकिएको मापदण्डअनुसार विद्यालय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गरी लागु गर्ने सम्बन्धमा कार्यनीतिमा उल्लेख गरिएको छ ।

त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई जोड दिएको छ । उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने व्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षालाई स्थानीय आवश्यकता सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता औंल्याउदै विद्यालय वा समुदायलाई स्थानीय पाठ्यक्रम तयार गरी सोको स्थानीय पाठ्यसामग्री तयार गरी लागू गर्नुपर्ने सुझाव

दिएको छ । त्यस्तै  स्थानीय पाठ्यक्रम सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६२, प्राथमिक शिक्षा पाठ्यक्रम २०६२, आधारभूत तह (कक्षा ६-८)  पाठ्यक्रम २०६९ ले मातृभाषा तथा स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री आफैँले निर्माण गरी लागु गर्ने बारेमा निर्देश गरेको थियो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा स्थानीय पाठ्यक्रमको लागि कक्षा १-३ सम्म ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४-८ को लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा समय छुट्याएको छ। आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा निर्माण तथा कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । कक्षा १-३ को कूल पाठ्यभार २६ पाठ्यघण्टामध्ये स्थानीय पाठ्यक्रमलाई ५ पाठ्यघण्टा अर्थात वार्षिक १६० कार्यघण्टा छुट्याएको छ। वि. सं. २०७७ सालदेखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई ४ वर्षमा कक्षा १-८ का सबै कक्षाहरूमा कार्यान्वयन हुने व्यवस्था रहेको छ।

## भाग - २

# गोदावरी नगरपालिकाको स्थानीय पाठ्यक्रम

गोदावरी नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई नगरपालिकाअन्तर्गतका सामाजिक, आर्थिक, सांस्कृतिक एवम् मौलिक विशेषताहरूका सम्बन्धमा सुसूचित गराई तिनको संरक्षण र संवर्द्धनमा सरिक गराउनका लागि 'हाम्रो गोदावरी' नामक स्थानीय पाठ्यक्रम तयार पारिएको छ । यो पाठ्यक्रम गोदावरी नगरपालिका क्षेत्रका आधारभूत विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको लागि तयार गरिएको भएता पनि दोस्रो चरणमा कक्षा ४ र ५ का लागि तयार पारिएको छ ।  यस पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुहरूलाई समेट्ने प्रयास गरिएको छ ।

यो स्थानीय पाठ्यक्रम सामुदायिक तथा संस्थागत दुवै किसिमका विद्यालयहरूमा तोकिएका कक्षामा लागु हुनेछ । यस पाठ्यक्रमको शिक्षण सिकाइमा सामान्यतया नेपाली भाषा प्रयोग गर्नुपर्ने छ । तथापि विद्यालयले आफ्नो अनुकूलतामा स्थानीय समुदायको मातृ भाषामा पनि शिक्षण गर्न सकिने छ । विद्यार्थी कार्यपुस्तक तथा पाठ्यपुस्तक विकास भइनसकेको अवस्थामा पनि विद्यालयले यो पाठ्यक्रम लागु गर्न सहज होस् भनेर अनुसूची, शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनको ढाँचासमेत व्यवस्था गरिएको छ । यो पाठ्यक्रम सफल कार्यान्वयनको लागि नगरपालिकाले शिक्षक तालिमको व्यवस्था एवम् विद्यार्थी कार्यपुस्तक र पाठ्यपुस्तकको प्रबन्ध गर्दै जाने छ ।

पाठ्यक्रमलाई समय सापेक्ष ज्ञान, सिप र प्रविधिसँग जोडेर लैजानको लागि आवश्यकतानुसार परिमार्जन र परिष्कृत गरिने छ । नगरपालिकाभित्रका विद्यालयहरूमा कार्यान्वयनको क्रममा देखिएका समस्या तथा विषयवस्तुहरू छुटेको पाइएमा आगामी दिनमा अद्यावधिक गर्दै लगिने छ । पाठ्यक्रममा भएका कमीकमजोरीहरूलाई हटाउँदै जाने कार्य निरन्तर चलिरहने छ । पाठ्यक्रमलाई स्थानीय ज्ञान, सिप र प्रविधिको प्रवर्द्धन गर्दै, खोजमूलक र आधुनिक एवम् सूचना प्रविधिमैत्री सिकाइतर्फ उन्मुख बनाउँदै लगिने छ ।

### आधारभूत तह कक्षा १-५ को तहगत सक्षमता

स्थानीय पाठ्यक्रमको कार्यान्वयनपछि आधारभूत तह (कक्षा १-५) को अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरू हासिल हुने छन् :

१. गोदावरी नगरपालिकाको परिचयात्मक प्रस्तुति
२. गोदावरी नगरपालिकाको प्राकृतिक सम्पदा पहिचान र संरक्षणमा सहभागिता
३. गोदावरी नगरपालिकाको धार्मिक र ऐतिहासिक सम्पदाको पहिचान
४. गोदावरी नगरपालिकाको सांस्कृतिक सम्पदा पहिचान र उपयोग
५. गोदावरी नगरपालिकाको भाषा साहित्य बोध प्रस्तुति
६. आयआर्जनका क्रियाकलाप पहिचान र सहभागिता
७. आधारभूत व्यावसायिक सिप आर्जन र प्रयोग
८. स्वस्थ जीवनशैलीको अवलम्बन
९. विपत् व्यवस्थापनमा सहभागिता र सुरक्षा

## विषयवस्तुको क्षेत्र र क्रम

**यस पाठ्यक्रममा आधारभूत तह कक्षा ४ र ५ कक्षाको कक्षागत विषयवस्तुको क्षेत्र र क्रम यसप्रकार रहेको छ :**

| विषय क्षेत्र | विषयवस्तु | |
|---|---|---|
| | कक्षा ४ | कक्षा ५ |
| १.गोदावरी नगरपालिकाको परिचय | • नगरपालिकाको वडा विभाजन<br>• नगरपालिकाको भौगोलिक नक्सा<br>• भौगोलिक विशेषताहरू<br>• नगरगीत | • नगरपालिकाको क्षेत्रफल, मुख्य जातिहरू, जनसङ्ख्या,<br>• नगरपालिकाको राजनीतिक नक्सा<br>• सांस्कृतिक विशेषताहरू<br>• नगरगीत |
| २.गोदावरीको प्राकृतिक सम्पदा | • नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदाको परिचय र उपयोग (वन, खोला, पोखरी, डाँडा, फाँट) (**अनुसूची २ 'क' बाट हेर्ने**) | • नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदाको संरक्षण (वनस्पति, खोला, डाँडा, पोखरी, माटो) (**अनुसूची २ 'क' बाट हेर्ने**) |
| ३. गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा | • नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको महत्त्व तथा संरक्षण (मठ, मन्दिर, पाटी, पौवा, ढुङ्गेधारा, कुवा, गुम्बा, विहार)<br>• आफ्नो नगरपालिकामा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (**अनुसूची २ 'ख' र 'ग' बाट हेर्ने**) | • नगरपालिकामा रहेका वडागत धार्मिक तथा ऐतिहासिक सम्पदा, तिनको महत्त्व तथा संरक्षण (मठ, मन्दिर, पाटी, पौवा, ढुङ्गेधारा, कुवा, गुम्बा, विहार)<br>• आफ्नो नगरपालिकामा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (**अनुसूची २ 'ख' र 'ग' बाट हेर्ने**) |
| ४.गोदावरीको सांस्कृतिक सम्पदा | • छिमेकी वडामा प्रचलित सांस्कृतिक सम्पदा (चाडपर्व, जात्रा, संस्कार ) (**अनुसूची ३ 'ख' र ङ बाट हेर्ने**) | • नगरपालिकामा प्रचलित मुख्य सांस्कृतिक सम्पदा (चाडपर्व, जात्रा, संस्कार) (**अनुसूची ३ 'ख' र 'ङ' बाट हेर्ने**) |
| | • छिमेकी वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत लोक बाजा, नृत्य, गीत ) (**अनुसूची ३ 'ग' र 'घ' बाट हेर्ने**) | • नगरपालिकामा प्रचलित मुख्य सांस्कृतिक सम्पदा ( परम्परागत लोकबाजा, नृत्य, गीत) (**अनुसूची ३ 'ग' र 'घ' बाट हेर्ने**) |
| | • छिमेकी वडामा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत खानेकुरा ) (**अनुसूची ३ 'छ' बाट हेर्ने**) | • नगरपालिकामा प्रचलित मुख्य सांस्कृतिक सम्पदा (परम्परागत खानेकुरा) (**अनुसूची ३ 'छ' बाट हेर्ने**) |
| | • नगरपालिकाको पहिचान झल्काउने मुख्य सांस्कृतिक सम्पदा (परम्परागत पहिरन) (**अनुसूची ३ 'ज' बाट हेर्ने**) | • नगरपालिकाका विभिन्न समुदायमा प्रचलित सांस्कृतिक सम्पदा (परम्परागत पहिरन) (**अनुसूची ३ 'ज' बाट हेर्ने**) |
| | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत औजार | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत उपकरण र प्रविधि |

| विषय क्षेत्र | विषयवस्तु | |
|---|---|---|
| | कक्षा ४ | कक्षा ५ |
| ५.गोदावरीको भाषा साहित्य, कला | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नेवार भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान)<br>• नेवार भाषाका गीत कविता<br>• नेवार भाषाको सामान्य शब्दार्थ र वाक्य<br>• नेवार समुदायमा प्रचलित कथा, उखान टुक्का<br>• ऐतिहासिक बस्ती प्याङ्गाउँ र दनुवार गाउँको परिचय<br>• नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये तामाङ भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान,<br>• तामाङ भाषाका गीत कविता<br>• नगरपालिकामा बोलिने तामाङ भाषाका सामान्य शब्दार्थ र वाक्य<br>• नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसंस्था र तिनको कार्य<br>• नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा |
| ६. आयआर्जन | • नगरपालिकामा प्रचलित पेसा, व्यवसाय र प्रविधिको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग, पर्यटन, सेवा क्षेत्र) (**अनुसूची ४ बाट हेर्ने**) | • नगरपालिकामा प्रचलित पेसा, व्यवसाय र प्रविधिको परिचय (कृषि, पशुपालन, हस्तकला, व्यापार, उद्योग, पर्यटन, सेवा क्षेत्र ) (**अनुसूची ४ बाट हेर्ने** ) |
| | • करेसाबारी/कौसी/गमलामा फूल र तरकारीका बिरूवा उमार्ने, रोप्ने, मलजल र गोडमेल<br>• तरकारी, फूल, फल टिपेर उपयोग गर्ने, विज्ञापन गरी बिक्री गर्ने | • करेसा बारीमा तरकारी र बिरुवा उमार्ने रोप्ने, मलजल र गोडमेल<br>• तरकारी, फूल, फल टिपेर उपयोग गर्ने, भण्डारण तथा प्याकिङ गरी बिक्री गर्ने |
| ७. स्वस्थ जीवनशैली | • स्थानीय खेल<br>• विद्यालयको सरसफाइ<br>• सामान्य योगासन, ध्यान, व्यायाम र प्राणायाम<br>• स्वस्थ खानेकुरा | • स्थानीय खेल<br>• समुदायको सरसफाइ<br>• सामान्य योगासन, ध्यान, व्यायाम र प्राणायाम<br>• स्वस्थ बानी व्यवहार |
| ८. आधारभूत व्यावसायिक सिप | • कागज, कपडा, माटो र प्लास्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण<br>• सामान बिक्री गर्ने कला | • खेर गएका वस्तुबाट उपयोगी वस्तु निर्माण<br>• सामान प्याकेजिङ र लेबलिङ<br>• सामानको विज्ञापन र बिक्री गर्ने कला |
| ९. विपत् व्यवस्थापन | • स्थानीय विपत्को परिचय र त्यसको न्यूनीकरणका उपाय<br>• स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास<br>• विद्यालयको सुरक्षित र असुरक्षित स्थानको पहिचान | • गोदावरी नगरपालिकामा हुन सक्ने विपत्को परिचय र त्यसको रोकथामका उपाय<br>• स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास<br>• समुदायको सुरक्षित र असुरक्षित स्थानको पहिचान |

## कक्षा ४ को विषयवस्तुको विस्तृतीकरण

कक्षा ४ का बालबालिकाहरूका लागि विषयवस्तुको विस्तृतीकरण यस प्रकार रहेको छ :

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| १.गोदावरी नगरपालिकाको परिचय | • गोदावरी नगरपालिकाको वडा सङ्ख्या र वडाको प्रमुख स्थान पहिचान गर्न<br>• गोदावरी नगरपालिकाको भौगोलिक सिमाना प्रदर्शन गर्न<br>• गोदावरी नगरपालिकाको भौगोलिक नक्सा स्केच गर्न<br>• गोदावरी नगरपालिकाको प्रमुख भौगोलिक विशेषताहरू बताउन<br>• गोदावरी नगरपालिकाको नगर गीत गाउन | • नगरपालिकाको वडा विभाजन,<br>• नगरपालिकाको भौतिक नक्सा<br>• भौगोलिक विशेषताहरू<br>• नगरगीत | • गोदावरी नगरपालिकाका वडाहरूको सङ्ख्या र प्रत्येक वडाको केन्द्र तथा त्यस वडामा रहेका प्रमुख स्थानहरूका सम्बन्धमा प्रश्नोत्तर, छलफल तथा क्षेत्र भ्रमण विधिका मध्यमबाट सिकाउने<br>• श्रव्य दृश्य सामग्रीहरूको प्रदर्शन गरी गोदावरी नगरपालिकाका वडाहरू, वडा कार्यालयहरू र त्यस वडाका प्रमुख बस्तीहरू, धार्मिक, सास्कृतिक तथा पर्यटकीय स्थलहरू पहिचान गराउने<br>• गोदावरी नगरपालिकाको भौगोलिक नक्सा प्रदर्शन गरी यसको सिमाना एकिन गर्न र सिमाना जोडिएका जिल्ला वा पालिकाहरू पहिचान गर्न लगाउने<br>• गोदावरी नगरपालिकाको भौगोलिक नक्साको सामान्य स्केच गर्न सहजीकरण गर्ने र वडा विभाजनसहितको नक्सा तयार गर्ने परियोजना कार्य गराउने<br>• गोदावरी नगरपालिकाको प्रमुख भौगोलिक विशेषताहरूको सूची तयार गर्ने र परियोजना कार्य गराउने<br>• गोदावरी नगरपालिकाको नगरगीतको अडियो र भिडियो प्रस्तुत गर्दै विद्यार्थीलाई पनि सरल रूपमा गाउन अभ्यास गराउने र उक्त गीतको अर्थ पनि बताइदिने । | • अवलोकन, परियोजना कार्य, छोटा प्रश्नहरू सोधेर, नक्सा देखाएर स्थानहरू पहिचान गर्न लगाएर | १० |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| २. गोदावरीको प्राकृतिक सम्पदा | • गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाको पहिचान गर्न<br>• गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाको परिचय दिन<br>• गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाको उपयोगिता बताउन | • नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदाको परिचय र उपयोग (वन, खोला, डाँडा, पोखरी, फाँट) **अनुसूची २ 'क' बाट हेर्ने**) | • विद्यार्थीलाई कक्षाबाहिर लगी विद्यालय वरपरका प्राकृतिक सम्पदा अवलोकन गर्न लगाएर छलफल गर्ने र गोदावरी नगरपालिकाका अन्य स्थानहरूमा उनीहरूले विद्यालय वरपर जस्तै देखेका प्राकृतिक सम्पदाहरूको सूची तयार गर्न लगाउने<br>• श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शन गरी गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाहरू चिनाउने<br>• गोदावरी नगरपालिकामा रहेका प्रमुख वन, खोला, डाँडा, फाँट आदिको फोटो, भिडियो प्रदर्शन गर्दै प्रश्नोत्तर र छलफलको माध्यमबाट ती सम्पदाहरू रहेको स्थान र तिनीहरूको प्रमुख विशेषताहरू खोजी गर्न सहजीकरण गर्ने<br>• विद्यार्थीहरूलाई तपाईँहरू कुन कुन प्राकृतिक सम्पदाहरू के के काममा प्रयोग गर्नुहुन्छ भन्ने प्रश्न सोधी मस्तिष्क मन्थन गर्न लगाउने<br>• विद्यार्थीहरूलाई आफ्ना अभिभाावकहरूसँग सोधेर टि चार्टमा प्राकृतिक सम्पदा र तिनको उपयोगितासम्बन्धी जानकारी भर्ने परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छोटा प्रश्नहरू सोधेर, चित्र देखाएर पहिचान गर्न लगाएर | १० |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ३. गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा | • गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाहरू (मठ, मन्दिर, पाटी, पौवा, कुवा, ढुङ्गेधारा, चौतारो) पहिचान गर्न<br>• गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको महत्त्व (मठ, मन्दिर, पाटी, चौतारो) बताउन<br>• गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, चौतारो) संरक्षण र सम्बर्द्धन गर्न | • नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको महत्त्व तथा संरक्षण (मठ, मन्दिर, पाटी पौवा, कुवा, ढुङ्गेधारा)<br>• आफ्नो नगरपालिकामा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन (**अनुसूची २ 'ख' र 'ग' बाट हेर्ने**) | • क्षेत्र भ्रमण गराएर गोदावरी नगरपालिकाका विभिन्न स्थानहरूमा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन गराउने र नगरपालिका क्षेत्रभित्र रहेका त्यस्ता अन्य सम्पदाहरूको पनि सूची तयार गर्न लगाउने<br>• गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको महत्त्वका बारेमा विद्यार्थीहरूबिच छलफल गराउने । मठ, मन्दिर, पाटी, चौतारो, पौवा, कुवा, ढुङ्गेधारा, आदिबाट स्थानीय मानिसहरूले प्राप्त गरेका सुविधा वा फाइदाका बारेमा विद्यार्थीका स्वधारणाहरू परीक्षण गर्ने<br>• भूमिका अभिनय गराएर गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, पौवा, कुवा, ढुङ्गेधारा, चौतारो) संरक्षण र सम्बर्द्धन गर्न प्रेरित गर्ने<br>• विद्यार्थीलाई आफ्नो समुदाय र गोदावरी नगरपालिकाका विभिन्न स्थानमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, पौवा, कुवा, ढुङ्गेधारा,चौतारो) संरक्षण र सम्बर्द्धन गर्न उनीहरू र अभिभावकहरूले पुऱ्याउन सक्ने योगदानहरू बारे छलफल गराउने<br>• विद्यार्थीलाई आफ्नो समुदाय र गोदावरी नगरपालिकाका विभिन्न स्थानमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, पौवा, कुवा, ढुङ्गेधारा,चौतारो) संरक्षण र सम्बर्द्धनका लागि प्रोत्साहित गर्न उनीहरूले गर्न सक्ने कार्यहरू गर्ने अवसर शिक्षकले सिर्जना गरिदिने | • अवलोकन, छलफल, छोटा प्रश्नहरू सोध धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र सम्बर्द्धन लगाएर | १२ |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ४. गोदावरीको सांस्कृतिक सम्पदा | • विद्यार्थीको वडामा प्रचलित चाडपर्व, जात्रा र संस्कारका गतिविधि बताउन | • गोदावरी नगरपालिकामा प्रचलित परम्परागत लोकबाजा र गीत पहिचान गर्न, बजाउन र गाउन | • वडामा वा वडा नजिक मनाइने मुख्य चाड पर्वहरू, जात्रा र संस्कार सम्बन्धमा छलफल, प्रश्नोत्तर, अभिनय विधिका मध्यमबाट सिकाउने<br>• आफ्नो समुदायमा मनाइने कुनै एक चाडपर्व, जात्रा र संस्कारका सम्बन्धमा परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | २२ |
| | • विद्यार्थीको वडामा प्रचलित परम्परागत लोक बाजा र गीत पहिचान गर्न, बजाउन र गाउन | • विद्यार्थीको वडामा प्रचलित परम्परागत लोक बाजा र गीत पहिचान | • वडामा वा वडा नजिक बजाइने मुख्य बाजाहरूको चित्र, वास्तविक बाजा प्रदर्शन गर्दै छलफल गराउने । स्थानीय बाजा बजाउने व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा बोलाइ छलफल गर्ने । कुनै स्थानीय बाजा बालबालिकालाई पालैपालो बजाउन लगाउने ।<br>• कुनै स्थानीय गीत सुनाइ विद्यार्थीलाई पनि गाउन र नाच्न लगाउने ।<br>• आफ्नो समुदायमा बजाइने कुनै एक बाजा र एक लोक गीतका सम्बन्धमा जानकारी सङ्कलन गर्न परियोजना कार्य गराउने<br>• स्थानीय परम्परागत नृत्यको भिडियो प्रदर्शन गरी विद्यार्थीहरूलाई पनि नाच्न सिकाउने । | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • विद्यार्थीको वडामा प्रचलित परम्परागत खानेकुरा पहिचान गर्न | • विद्यार्थीको वडामा प्रचलित परम्परागत खानेकुरा | • वडामा वा वडा नजिकको समुदायमा प्रचलित परम्परागत खानेकुराका चित्र वा वास्तविक खानेकुरा प्रदर्शन गर्दै छलफल गराउने ।<br>• विद्यार्थीहरूलाई सामूहिक रूपमा ठुला कक्षाका विद्यार्थीसँग मिलेर कुनै स्थानीय खानेकुरा बनाउन लगाउने ।<br>• वडा वा स्थानीय समुदायमा प्रचलित कुनै एक परम्परागत खानेकुराका सम्बन्धमा जानकारी सङ्कलन गर्न परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • विद्यार्थीको वडामा प्रचलित स्थानीय परम्परागत पहिरन पहिचान गर्न | • विद्यार्थीको वडामा प्रचलित स्थानीय परम्परागत पहिरन | • वडामा वा वडा नजिक प्रचलित मुख्य परम्परागत पहिरनको चित्र वा वास्तविक वस्तु नै प्रदर्शन गर्दै छलफल गराउने ।<br>• स्थानीय परम्परागत पहिरनको प्रदर्शनी वा फेसन सो आयोजना गर्ने ।<br>• आफ्नो समुदायमा लगाइने पहिरनका सम्बन्धमा जानकारी सङ्कलन गर्न परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत औजारको परिचय दिन | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत औजारको परिचय | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत औजारको चित्र, फोटो, भिडियो वा वास्तविक वस्तु प्रस्तुत गर्दै परिचय गराउने<br>• विद्यार्थीको अभिभावकसँग सम्पर्क गरी काम नलाग्ने र पुराना भइसकेका परम्परागत औजारहरू सङ्कलन गरी विद्यालयमा प्रदर्शन गर्ने र सङ्ग्रहालय निर्माण गर्ने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ५.गोदावरीको भाषा साहित्य | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्य मध्ये नेवार भाषाको परिचय दिन | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नेवार भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान) | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये नेवार भाषाको ऐतिहासिक पृष्ठभूमि, जाति, बोलिने स्थानका सम्बन्धमा चित्र, नक्सा, चार्ट, भिडियो, अडियो प्रदर्शन गर्दै छलफल गर्ने । | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | २२ |
| | • नेवार भाषाका गीत कविता गाउन | • नेवार भाषाका गीत कविता | • नेवार भाषाका गीत कविताको अडियो र भिडियो प्रस्तुत गर्दै विद्यार्थीलाई पनि सरल गीतहरू गाउन अभ्यास गराउने । ती गीतको अर्थ पनि बताइदिने । | • अवलोकन, परियोजना कार्य,<br>• छोटा प्रश्न सोध्ने, छलफल र रुजुसूची | |
| | • नेवार भाषाको सामान्य शव्दार्थ बुझेर वाक्यमा प्रस्तुत गर्न | • नेवार भाषाको सामान्य शव्दार्थ र वाक्य | • नेवार भाषाको सामान्य शब्दार्थ र वाक्यहरू लेखिएको चार्ट वा स्लाइड प्रदर्शन गर्दै उच्चारण गर्न सिकाउने ।<br>• विद्यालयका विभिन्न स्थानमा नेवार भाषाका शब्दार्थ टाँसिदिने । | • अवलोकन, परियोजना कार्य,<br>• छोटा प्रश्न सोध्ने, छलफल र रुजुसूची | |
| | • नेवार समुदायमा प्रचलित कथा, उखान टुक्का खोजी गर्न र भन्न | • नेवार समुदायमा प्रचलित कथा, उखान टुक्का | • नेवार समुदायमा प्रचलित कथा, उखान टुक्काहरू सुनाउने र छलफल गर्ने ।<br>• स्थानीय नेवार समुदायका व्यक्ति वा ज्येष्ठ नागरिकलाई विद्यालयमा बोलाइ विद्यार्थीहरूलाई नेवार समुदायमा प्रचलित कथा सुनाउन लगाउने | • अवलोकन, परियोजना कार्य,<br>• छोटा प्रश्न सोध्ने, छलफल र रुजुसूची | |
| | • नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसंस्था र तिनको कार्यको परिचय दिन | • नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसंस्था र तिनको कार्यको परिचय | • नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसंस्था र तिनको कार्य झल्कने चित्र, फोटो, भिडियो, चार्ट प्रदर्शन गर्दै छलफल गर्ने ।<br>• त्यस्ता संस्थाको अवलोकन भ्रमण गराउने वा संस्थाका पदाधिकारीलाई कक्षामा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी अन्तरक्रिया गराउने ।<br>• विद्यार्थीहरू बिचमा कविता लेखन प्रतियोगिता सञ्चालन गर्ने | • अवलोकन, परियोजना कार्य,<br>• छोटा प्रश्न सोध्ने, छलफल र रुजुसूची | |
| | • नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा भन्न | • नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा | • गोदावरी नगरपालिकाको ऐतिहासिक तथा धार्मिक एवम् सांस्कृतिक पक्षसँग सम्बन्धित लोक कथा वा किंवदन्तीलाई कथात्मक रूपमा प्रस्तुत गर्ने<br>• विद्यार्थीहरूलाई पनि आफ्ना अभिभावक वा छिमेकीसँग सम्पर्क गरी त्यस्ता कथा सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य,<br>• छोटा प्रश्न सोध्ने, छलफल र रुजुसूची | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ६. आयआर्जन | • नगरपालिकामा प्रचलित कृषि, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित कृषि,  पेसा, व्यवसाय, सेवा क्षेत्र र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित कृषि,  पेसा, व्यवसाय, सेवा क्षेत्र र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय कृषि स्थालको अध्ययन भ्रमण गर्ने र जानकारी सङ्कलन गर्ने परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | २० |
| | • नगरपालिकामा प्रचलित पशुपालन, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित पशुपालन व्यवसाय र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित पशुपालन  पेसा, व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय पशुपालन स्थलको अध्ययन भ्रमण गर्ने, जानकारी सङ्कलन गर्ने, परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित उद्योग, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित उद्योग व्यवसाय र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित उद्योग  पेसा, व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय उद्योगको अध्ययन भ्रमण गर्ने र जानकारी सङ्कलन गर्ने परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित सेवा क्षेत्रको परिचय दिन | • नगरपालिकामा प्रचलित सेवा क्षेत्रको परिचय | • नगरपालिकामा सेवा क्षेत्रमा संलग्न मानिसहरूको कामसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय सेवा क्षेत्रमा संलग्न व्यक्तिसँग छलफल गरी उनको पेसाबारे जानकारी सङ्कलन गर्ने परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित पर्यटन, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित पर्यटन व्यवसायको परिचय | • नगरपालिकामा प्रचलित पर्यटन व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय पर्यटन स्थलको अध्ययन भ्रमण गर्ने र जानकारी सङ्कलन गर्ने परियोजना कार्य गराउने र प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित व्यापार, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित व्यापार व्यवसाय र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित व्यापार व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय बजारको अध्ययन भ्रमण गर्ने, जानकारी सङ्कलन गर्ने, परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • करेसाबारीमा बिरुवा उमार्न रोप्न, हेरचाह गर्न र विज्ञापन गरी बिक्री गर्न | • करेसाबारी/कौसी/ गमलामा  फूल र तरकारीका बिरूवा उमार्ने, रोप्ने, मलजल र गोडमेल | • सामूहिक रूपमा आफ्नो विद्यालयमा करेसाबारी वा गमला वा कौसी खेती गरेर मलजल र गोडमेल गर्न लगाउने<br>• उत्पादन भएको तरकारी, फलफूल वा फूल टिपेर विज्ञापन गरी बिक्री गर्ने वा उपयोग गर्ने अभ्यास गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर, | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ७.स्वस्थ जीवनशैली | • स्थानीय खेल खेल्न<br>• कक्षाकोठा र विद्यालयको सरसफाइ गर्न<br>• सामान्य योगासन, ध्यान, व्यायाम, प्राणायाम गर्न<br>• स्वस्थ खानेकुरा छनौट गरी उपयोग गर्न | • स्थानीय खेल<br>• कक्षाकोठाको र विद्यालयको सरसफाइ<br>• सामान्य योगासन, ध्यान, व्यायाम, प्राणायाम<br>• स्वस्थ खानेकुरा | • विद्यार्थीलाई स्थानीय खेल खेल्ने तरिका सिकाउँदै खेलाउने<br>• विद्यालयको कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइका उपाय सिकाउने र अभ्यास गराउने<br>• सामान्य योगासन, ध्यान, व्यायाम र प्राणायाम अभ्यास गराउने<br>• स्वस्थ र अस्वस्थ खानेकुराको उदाहरण दिएर स्वस्थ खानेकुरा खानुपर्छ भनी चित्र देखाउँदै सिकाउने, स्वस्थकर खानेकुरा खाने बानी बसाल्नुपर्छ भन्ने जानाकारी गराउने | • खेल खेलिरहँदा अवलोकन गर्ने<br>• विद्यार्थीको सरसफाइको नियमित निरीक्षण गरी सहयोग गर्ने, राम्रो सरसफाइ भएका विद्यार्थीलाई प्रोत्साहन गर्ने<br>• छोटा प्रश्न सोध्ने | १० |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ८. आधारभूत व्यावसायिक सिप | • कागज, कपडा, माटो र प्लाष्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण गर्न | • कागज, कपडा, माटो र प्लाष्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण | • विद्यार्थीलाई समूहमा बसेर कागज र कपडाका टुक्रा पट्याएर र टाँसेर सामान्य खेलौना बनाउन नमुना देखाउँदै अभ्यास गराउने<br>• विद्यार्थीलाई समूहमा बसेर खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु बनाउन नमुना देखाउँदै अभ्यास गराउने | • विद्यार्थीले सामाग्री बनाइरहँदा अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीका सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने | १२ |
| | • कागज, कपडा, माटो र प्लास्टिकबाट बनाइएका सजावटका वस्तु तथा खेलौना बिक्री गर्न | • सामान बिक्री | • कागज, कपडा, माटो र प्लास्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण गरी सामान बिक्री गर्ने भूमिका अभिनय गराउने<br>• स्थानीय स्तरमा लाग्ने हाट बजार तथा मेलाहरूमा विद्यालयका स्टलहरू राख्न लगाई विद्यार्थीले तयार गरेका सामग्रीहरू बिक्री गराउने | • विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीको सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | • स्थानीय विपत्को परिचय दिन<br>• स्थानीय विपत्को न्यूनीकरणका उपायहरू बताउन<br>• स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास गर्न<br>• घर तथा विद्यालयका सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्न | • स्थानीय विपत्को परिचय र त्यसको न्यूनीकरणका उपाय<br>• स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास<br>• सुरक्षित र असुरक्षित स्थानको पहिचान<br>• सडक सुरक्षा | • चित्र र भिडियो प्रदर्शन गर्दै स्थानीय विपत्को परिचय दिने<br>• क्षेत्र भ्रमणमा लगेर विद्यार्थीहरूलाई स्थानीय स्तरमा भएमा विपत्, तिनले गरेका असर तथा स्थानीय मानिसहरूले त्यसबाट बच्न अवलम्बन गरेका उपायहरू सोधखोज गरी परियोजना कार्य गर्न लगाउने<br>• विद्यार्थीहरूलाई विपत्बाट बच्ने उपायहरूको पूर्वाभ्यास गराउने<br>• घर तथा विद्यालयका सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्न लगाउने र असुरक्षित स्थानमा जान, खेल्न हुँदैन भन्ने धारणाको विकास गराउने<br>• सडक सुरक्षाका उपाय झल्कने चित्र र भिडियो सामग्री प्रदर्शन गर्दै छलफल गराउने | • पूर्वाभ्यासका समयमा विद्यार्थीको क्रियाकलाप हेरेर आवश्यक पृष्ठपोषण दिने<br>• विद्यार्थीले गरेका परियोजना कार्यहरूको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| जम्मा | | | | | १२८ |

## कक्षा ५ को विषयवस्तुको विस्तृतीकरण

**कक्षा ५ का बालबालिकाहरूका लागि विषयवस्तुको विस्तृतीकरण यस प्रकार रहेको छ :**

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| १.गोदावरी नगरपालिकाको परिचय | • गोदावरी नगरपालिकाको कुल क्षेत्रफल, मुख्य जातिहरू र जातिगत जनसङ्ख्या बताउन<br>• गोदावरी नगरपालिकाको राजनीतिक नक्सा स्केच गर्न<br>• गोदावरी नगरपालिकाको प्रमुख सांस्कृतिक विशेषताहरू बताउन<br>• गोदावरी नगरपालिकाको नगरगीत गाउन | • नगरपालिकाको क्षेत्रफल, मुख्य जातिहरू, जनसङ्ख्या,<br>• नगरपालिकाको राजनीतिक नक्सा<br>• सांस्कृतिक विशेषताहरू<br>• नगरगीत | • गोदावरी नगरपालिकाका वडाहरूको सङ्ख्या र प्रत्येक वडाको केन्द्र तथा त्यस वडामा रहेका प्रमुख स्थानहरूका सम्बन्धमा छलफल, प्रश्नोत्तर तथा क्षेत्र भ्रमण विधिका मध्यमबाट सिकाउने<br>• श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शन गरी गोदावरी नगरपालिकाका वडाहरू, वडा कार्यालयहरू र त्यस वडाका प्रमुख बस्तीहरू, धार्मिक, सास्कृतिक तथा पर्यटकीय स्थलहरू पहिचान गराउने<br>• गोदावरी नगरपालिकाको राजनीतिक जोडिएका जिल्ला वा पालिकाहरू पहिचान गर्न लगाउने<br>• गोदावरी नगरपालिकाको राजनीतिक नक्साको सामान्य स्केच गर्न सहजीकरण गर्ने र वडा विभाजनसहितको नक्सा तयार गर्ने परियोजना कार्य गराउने<br>• गोदावरी नगरपालिकाको प्रमुख भौगोलिक विशेषताहरूको सूची तयार गर्ने परियोजना कार्य गराउने<br>• गोदावरी नगरपालिकाको नगरगीतको अडियो र भिडियो प्रस्तुत गर्दै विद्यार्थीलाई पनि सरल रूपमा गाउन अभ्यास गराउने र उक्त गीतको अर्थ पनि बताइदिने । | • अवलोकन, परियोजना कार्य, छोटा प्रश्नहरू सोधेर, नक्सा देखाएर स्थानहरू पहिचान गर्न लगाएर | १० |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| **२.गोदावरीको प्राकृतिक सम्पदा** | • गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाको पहिचान गर्न<br>• गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाको परिचय दिन<br>• गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाको संरक्षण गर्न | • नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदाको संरक्षण (वनस्पति, खोला, पोखरी, डाँडा, फाँट, माटो)<br>(**अनुसूची २ 'क' बाट हेर्ने**) | • विद्यार्थीलाई कक्षाबाहिर लगी विद्यालय वरपरका प्राकृतिक सम्पदा अवलोकन गर्न लगाएर छलफल गर्ने र गोदावरी नगरपालिकाका अन्य स्थानहरूमा उनीहरूले विद्यालय वरपर जस्तै देखेका प्राकृतिक सम्पदाहरूको सूची तयार गर्न लगाउने<br>• श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शन गरी गोदावरी नगरपालिकाका मुख्य मुख्य प्राकृतिक सम्पदाहरू चिनाउने<br>• गोदावरी नगरपालिकामा रहेका प्रमुख वन, खोला, डाँडा, फाँट पोखरी, आदिको फोटो, भिडियो प्रदर्शन गर्दै प्रश्नोत्तर र छलफलको माध्यमबाट ती सम्पदाहरू रहेको स्थान र तिनीहरूको प्रमुख विशेषताहरू सहजीकरण गर्ने<br>• विद्यार्थीहरूलाई तपाईँहरू कुन कुन प्राकृतिक सम्पदाहरू के के काममा प्रयोग गर्नुहुन्छ भन्ने मस्तिष्क मन्थन गर्न लगाउने<br>• विद्यार्थीहरूलाई आफ्ना अभिभाावकहरूसँग सोधेर टि चार्टमा प्राकृतिक सम्पदा र तिनको उपयोगितासम्बन्धी जनकारी भर्ने परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छोटा प्रश्नहरू सोधेर, चित्र देखाएर पहिचान गर्न लगाएर | १० |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ३.गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा | • गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाहरू (मठ, मन्दिर, पाटी, ढुङ्गेधारा, कुवा, चौतारो) पहिचान गर्न<br>• गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको महत्त्व (मठ, मन्दिर, ढुङ्गेधारा, कुवा, पाटी, पौवा, चौतारो) बताउन<br>• गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, ढुङ्गेधारा, कुवा, चौतारो) संरक्षण र सम्बर्द्धन गर्न | • नगरपालिकामा रहेका वडागत धार्मिक तथा ऐतिहासिक सम्पदा, तिनको महत्त्व तथा संरक्षण (मठ, मन्दिर, पाटी, ढुङ्गेधारा, कुवा )<br>• आफ्नो नगरपालिकामा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन<br><br>(**अनुसूची २ 'ख' र 'ग' बाटहेर्ने**) | • क्षेत्र भ्रमण गराएर गोदावरी नगरपालिकाका विभिन्न स्थानहरूमा रहेका धार्मिक ऐतिहासिक सम्पदाको अवलोकन गराउने र नगरपालिका क्षेत्रभित्र रहेका त्यस्ता अन्य सम्पदाहरूको पनि सूची तयार गर्न लगाउने<br>• गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदा र तिनको महत्त्वका बारेमा विद्यार्थीहरूबिच छलफल गराउने । मठ, मन्दिर, पाटी, ढुङ्गेधारा, कुवा, चौतारो आदिबाट स्थानीय मानिसहरूले प्राप्त गरेका सुविधा वा फाइदाका बारेमा विद्यार्थीका स्वधारणाहरू परीक्षण गर्ने<br>• भूमिका अभिनय गराएर गोदावरी नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, ढुङ्गेधारा, कुवा, पाटी, पौवा, चौतारो) संरक्षण र सम्बर्द्धन गर्न प्रेरित गर्ने<br>• विद्यार्थीलाई आफ्नो समुदाय र गोदावरी नगरपालिकाका विभिन्न स्थानमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, पौवा, चौतारो ढुङ्गेधारा, कुवा,) संरक्षण र सम्बर्द्धन गर्न उनीहरू र अभिभावकहरूले पुऱ्याउन सक्ने योगदानहरू बारे छलफल गराउने<br>• विद्यार्थीलाई आफ्नो समुदाय र गोदावरी नगरपालिकाका विभिन्न स्थानमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाको (मठ, मन्दिर, पाटी, पौवा, ढुङ्गेधारा, कुवा, पाटी, पौवा, चौतारो) संरक्षण र सम्बर्द्धन गर्न प्रोत्साहित गर्न उनीहरूले गर्न सक्ने कार्यहरू गर्ने अवसर शिक्षकले सिर्जना गरिदिने | • अवलोकन, छलफल, छोटा प्रश्नहरू सोध धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र सम्बर्द्धन लगाएर | १२ |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ४.गोदावरीको सांस्कृतिक सम्पदा | • गोदावरी नगरपालिकामा प्रचलित चाडपर्व, जात्रा र संस्कारका गतिविधि बताउन | • नगरमा प्रचलित चाडपर्व, जात्रा र संस्कार | • गोदावरी नगरपालिकामा मनाइने मुख्य चाड पर्वहरू, जात्रा र संस्कार सम्बन्धमा छलफल, प्रश्नोत्तर, अभिनय विधिका मध्यमबाट सिकाउने<br>• आफ्नो समुदायमा मनाइने कुनै एक चाड पर्व, जात्रा र संस्कारका सम्बन्धमा परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | २२ |
| | • गोदावरी नगरपालिकामा प्रचलित परम्परागत लोक बाजा र गीत पहिचान गर्न, बजाउन र गाउन | • गोदावरी नगरपालिकामा प्रचलित परम्परागत लोक बाजा र गीत पहिचान | • गोदावरी नगरपालिकामा बजाइने मुख्य बाजाहरूको चित्र, वास्तविक बाजा प्रदर्शन गर्दै छलफल गराउने। स्थानीय बाजा बजाउने व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा बोलाइ छलफल गर्ने। कुनै स्थानीय बाजा बालबालिकालाई पालैपालो बजाउन लगाउने।<br>• कुनै स्थानीय गीत सुनाइ विद्यार्थीलाई पनि गाउन लगाउने।<br>• आफ्नो समुदायमा बजाइने कुनै एक बाजा र एक लोक गीतका सम्बन्धमा जानकारी सङ्कलन गर्न परियोजना कार्य गराउने<br>• स्थानीय परम्परागत नृत्यको भिडियो प्रदर्शन गरी विद्यार्थीहरूलाई पनि नाच्न सिकाउने। | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत प्रविधिसँग परिचित हुन | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत प्रविधि | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत प्रविधिको चित्र, फोटो, भिडियो वा वास्तविक वस्तु प्रस्तुत गर्दै परिचय गराउने<br>• विद्यार्थीको अभिभावकसँग सम्पर्क गरी काम नलाग्ने र पुराना भइसकेका परम्परागत प्रविधिसँग सम्बन्धित उपकरण तथा वस्तुहरू सङ्कलन गरी विद्यालयमा प्रदर्शन गर्ने र स्थानीय सङ्ग्रहालय निर्माण गर्ने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित परम्परागत खानेकुरा पहिचान गर्न | • नगरपालिकामा प्रचलित परम्परागत खानेकुरा | • नगरपालिकामा प्रचलित परम्परागत खानेकुराका चित्र वा वास्तविक खानेकुरा प्रदर्शन गर्दै छलफल गराउने।<br>• विद्यार्थीहरूलाई सामूहिक रूपमा ठुला कक्षाका विद्यार्थीसँग मिलेर कुनै स्थानीय खानेकुरा बनाउन लगाउने।<br>• नगरपालिकामा प्रचलित कुनै एक परम्परागत खानेकुराका सम्बन्धमा जानकारी सङ्कलन गर्न परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत पहिरन पहिचान गर्न | • नगरपालिकामा प्रचलित स्थानीय परम्परागत पहिरन | • नगरपालिकामा प्रचलित मुख्य परम्परागत पहिरनको चित्र वा वास्तविक वस्तु नै प्रदर्शन गर्दै छलफल गराउने।<br>• स्थानीय परम्परागत पहिरनको प्रदर्शनी वा फेसन सो आयोजना गर्ने।<br>• नगरपालिकामा लगाइने पहिरनका सम्बन्धमा जानकारी सङ्कलन गर्न परियोजना कार्य गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ५.गोदावरीको भाषा साहित्य | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये तामाङ भाषाको परिचय दिन | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये तामाङ भाषाको परिचय (ऐतिहासिक पृष्ठभूमि, जाति, स्थान) | • गोदावरी नगरपालिकामा प्रचलित विभिन्न भाषा साहित्यमध्ये तामाङ भाषाको ऐतिहासिक पृष्ठभूमि, जाति, बोलिने स्थानका सम्बन्धमा चित्र, नक्सा, चार्ट, भिडियो, अडियो प्रदर्शन गर्दै छलफल गर्ने । | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | २२ |
| | • तामाङ भाषाका गीत कविता गाउन | • तामाङ भाषाका गीत कविता | • तामाङ भाषाका गीत कविताको अडियो र भिडियो प्रस्तुत गर्दै विद्यार्थीलाई पनि सरल गीतहरू गाउन अभ्यास गराउने । ती गीतको अर्थ पनि बताइदिने । | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • तामाङ भाषाको सामान्य शब्दार्थ बुझेर वाक्यमा प्रस्तुत गर्न | • तामाङ भाषाको सामान्य शब्दार्थ र वाक्य | • तामाङ भाषाको सामान्य शब्दार्थ र वाक्यहरू लेखिएको चार्ट वा स्लाइड प्रदर्शन गर्दै उच्चारण गर्न सिकाउने ।<br>• विद्यालयका विभिन्न स्थानमा तामाङ भाषाका शब्दार्थ टाँसिदिने । | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • तामाङ समुदायमा प्रचलित कथा, उखान टुक्का खोजी गर्न र भन्न | • तामाङ समुदायमा प्रचलित कथा, उखान टुक्का | • तामाङ समुदायमा प्रचलित कथा, उखान टुक्काहरू सुनाउने र छलफल गर्ने ।<br>• स्थानीय तामाङ समुदायका व्यक्ति वा ज्येष्ठ नागरिकलाई विद्यालयमा बोलाई विद्यार्थीहरूलाई तामाङ समुदायमा प्रचलित कथा सुनाउन लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसंस्था र तिनको कार्यको परिचय दिन | • नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसस्था र तिनको कार्यको परिचय | • नगरपालिका क्षेत्रमा भएका भाषा साहित्यको विकासमा संलग्न सङ्घसंस्था र तिनको कार्य झल्कने चित्र, फोटो, भिडियो, चार्ट प्रदर्शन गर्दै छलफल गर्ने ।<br>• त्यस्ता संस्थाको अवलोकन भ्रमण गराउने वा संस्थाका पदाधिकारीलाई कक्षामा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी अन्तरक्रिया गराउने ।<br>• विद्यार्थीहरूबिचमा कविता लेखन प्रतियोगिता सञ्चालन गर्ने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा भन्न | • नगरपालिकामा प्रचलित ऐतिहासिक तथा धार्मिक कथा | • गोदावरी नगरपालिकाको ऐतिहासिक तथा धार्मिक एवम् सांस्कृतिक पक्षसँग सम्बन्धित लोक कथा वा किंवदन्तीलाई कथात्मक रूपमा प्रस्तुत गर्ने<br>• विद्यार्थीहरूलाई पनि आफ्ना अभिभावक वा छिमेकीसँग सम्पर्क गरी त्यस्ता कथा सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ७. आयआर्जन | • नगरपालिकामा प्रचलित कृषि, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित कृषि, पेसा, व्यवसाय र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित कृषि, पेसा, व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय कृषि स्थलको अध्ययन भ्रमण गर्ने, जानकारी सङ्कलन गर्ने, परियोजना कार्य गराउने र प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | २० |
| | • नगरपालिकामा प्रचलित पशुपालन, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित पशुपालन व्यवसाय र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित पशुपालन पेसा, व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय पशुपालन स्थालको अध्ययन भ्रमण गर्ने र जानकारी सङ्कलन गर्ने परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित उद्योग, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित उद्योग व्यवसाय र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित उद्योग पेसा, व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय उद्योगको अध्ययन भ्रमण गर्ने जानकारी सङ्कलन गर्ने, परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित पर्यटन, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित पर्यटन व्यवसायको परिचय | • नगरपालिकामा प्रचलित पर्यटन व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय पर्यटन स्थालको अध्ययन भ्रमण गर्ने, जानकारी सङ्कलन गर्ने, परियोजना कार्य गराउने र प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित व्यापार, व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित व्यापार व्यवसाय र प्रविधिको परिचय | • नगरपालिकामा प्रचलित व्यापार व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय बजारको अध्ययन भ्रमण गर्ने, जानकारी सङ्कलन गर्ने, परियोजना कार्य गराउने र प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित हस्तकला व्यवसायको परिचय दिन | • नगरपालिकामा प्रचलित हस्तकला व्यवसायको परिचय | • नगरपालिकामा प्रचलित हस्तकला व्यवसाय र प्रविधिसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय हस्तकलाका वस्तुको जानकारी सङ्कलन गर्ने, परियोजना कार्य गराउने र प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • करेसा बारीमा बिरुवा उमार्न रोप्न र हेरचाह गर्न | • करेसाबारी/कौसी/गमलामा फूल र तरकारीका बिरूवा उमार्ने, रोप्ने, मलजल र गोडमेल<br>• तरकारी, फूल, फल टिपेर उपयोग गर्ने, विज्ञापन गरी बिक्री | • सामूहिक रूपमा आफ्नो विद्यालयमा करेसाबारी वा गमला वा कौसी खेती गरेर मलजल र गोडमेल गर्न लगाउने<br>• उत्पादन भएको तरकारी, फलफूल वा फूल टिपेर बिक्री गर्ने वा उपयोग गर्ने अभ्यास गराउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |
| | • नगरपालिकामा प्रचलित सेवा क्षेत्रको परिचय दिन | • नगरपालिकामा प्रचलित सेवाक्षेत्रको परिचय | • नगरपालिकामा प्रचलित सेवा क्षेत्रसम्बन्धी चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• स्थानीय सेवा क्षेत्रमा संलग्न व्यक्तिसँग अन्तरक्रिया गरी जानकारी सङ्कलन गर्ने परियोजना कार्य गराउने र प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने | • अवलोकन, परियोजना कार्य, छलफल र प्रश्नोत्तर | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ७. स्वस्थ जीवनशैली | • स्थानीय खेल खेल्न<br>• समुदायको सरसफाइ गर्न<br>• सामान्य योगासन, व्यायाम, ध्यान र प्राणायाम गर्न<br>• स्वस्थ बानीव्यवहार अवलम्बन गर्न | • स्थानीय खेल<br>• समुदायको सरसफाइ<br>• सामान्य योगासन, व्यायाम, ध्यान र प्राणायाम<br>• स्वस्थ बानी व्यवहार | • विद्यार्थीलाई स्थानीय खेल खेल्ने तरिका सिकाउँदै खेलाउने<br>• विद्यालयको कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइका उपाय सिकाउने र अभ्यास गराउने<br>• सामान्य योगासन, व्यायाम, ध्यान र प्राणायाम अभ्यास गराउने<br>• स्वस्थ र अस्वस्थ बानीव्यवहारको उदाहरण दिएर स्वस्थ बानीव्यवहार अपनाउनुपर्छ भनी चित्र देखाउँदै सिकाउने, स्वस्थकर बानीव्यवहार अवलम्बन गर्न उत्प्रेरित गर्ने | • खेलमा आवश्यक सहजीकरण गर्ने<br>• विद्यार्थीको सरसफाइको नियमित निरीक्षण गरी सहयोग गर्ने, राम्रो सरसफाइ भएका विद्यार्थीलाई प्रोत्साहन गर्ने<br>• छोटा प्रश्न सोध्ने | १० |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ८. आधारभूत व्यावसायिक सिप | • कागज, कपडा, माटो र प्लास्टिक जस्ता खेर गएका वस्तुहरूबाट सजावटका वस्तु, खेलौना र उपयोगी वस्तुहरू निर्माण गर्न | • खेर गएका वस्तुबाट उपयोगी वस्तु निर्माण | • विद्यार्थीलाई समूहमा बसेर कागज र कपडाका टुक्रा पट्याएर र टाँसेर सामान्य खेलौना बनाउन नमुना देखाउँदै अभ्यास गराउने<br>• विद्यार्थीलाई समूहमा बसेर खेर जाने कागज, प्लास्टिक, बोतल आदिबाट सामान्य उपयोगका वस्तु बनाउन नमुना देखाउँदै अभ्यास गराउने | • विद्यार्थीले सामाग्री बनाइरहँदा अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीका सामग्री हेरी तत्काल पुरस्कृत गर्ने | १२ |
| | • सामान प्याकेजिङ र लेबलिङ गर्न<br>• सामानको विज्ञापन र बिक्री गर्न | • सामान प्याकेजिङ र लेबलिङ<br>• सामानको विज्ञापन र बिक्री | • कागज, कपडा, माटो र प्लास्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण गरी सो सामान बिक्री गर्न विज्ञापन गरेको भूमिका अभिनय गराउने<br>• कागज, कपडा, माटो र प्लास्टिकका सजावटका वस्तु तथा खेलौना निर्माण गरी सो सामान बिक्री गर्न विज्ञापनका नमूनाहरू तयार गर्न लगाउने<br>• स्थानीय स्तरमा लाग्ने हाटबजार तथा मेलाहरूमा विद्यालयका स्टलहरू राख्न लगाई विद्यार्थीले तयार गरेका सामग्रीहरू विज्ञापन र बिक्री गराउने | • विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्ने र विद्यार्थीको सामग्री हेरी तत्काल प्रोत्साहन गर्ने | |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | • गोदावरी नगरपालिकामा हुन सक्ने विपत्को परिचय दिन<br>• स्थानीय विपत्को रोकथामका उपायहरू बताउन<br>• स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास गर्न<br>• समुदायका सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्न | • गोदावरी नगरपालिकामा हुन सक्ने विपत्को परिचय र त्यसको रोकथामका उपाय<br>• स्थानीय विपत्बाट बच्ने उपाय, सावधानी र पूर्वाभ्यास<br>• सुरक्षित र असुरक्षित स्थानको पहिचान<br>• सडक सुरक्षा | • चित्र र भिडियो प्रदर्शन गर्दै स्थानीय विपत्को परिचय दिने<br>• क्षेत्रभ्रमणमा लगेर विद्यार्थीहरूलाई स्थानीय स्तरमा भएमा विपत्, तिनले गरेका असर तथा स्थानीय मानिसहरूले त्यसबाट बच्न अवलम्बन गरेका उपायहरू सोधखोज गरी परियोजना कार्य गर्न लगाउने<br>• विद्यार्थीहरूलाई विपत्बाट बच्ने उपायहरूको पूर्वाभ्यास गराउने<br>• समुदायका सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्न लगाउने र असुरक्षित स्थानमा जान, खेल्न हुँदैन भन्ने धारणाको विकास गराउने<br>• सडक सुरक्षाका विभिन्न पक्षका सम्बन्धमा चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गराउने | • पूर्वाभ्यासका समयमा विद्यार्थीको क्रियाकलाप हेरेर आवश्यक पृष्ठपोषण दिने<br>• विद्यार्थीले गरेका परियोजना कार्यहरूको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| जम्मा | | | | | १२८ |

## सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय पाठ्यक्रम तहगत पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको शिक्षण सिकाइ सहजीकरण प्रक्रिया पनि सामान्यतया अन्य विषयकै जस्तै हो तर स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ प्रक्रियामा बालकेन्द्रित, सामग्रीकेन्द्रित र प्रयोगात्मक, परियोजनामा आधारित पद्धति अपनाउनुपर्छ । यो पाठ्यक्रम शिक्षण सिकाइका लागि अपनाउन सकिने सिकाइ सहजीकरणका विधि तथा क्रियाकलापहरू यस प्रकार रहेका छन् ः

### छलफल

विभिन्न विषयमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ । निरन्तर, सक्रिय र उच्च सहभागिताबाट नै छलफललाई प्रभावकारी बनाउन सकिन्छ । स्थानीय पेसाकर्मीहरूलाई पनि कक्षाकोठामा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी छलफल र अन्तरक्रिया गर्न सकिन्छ । जोडी छलफल, समूह छलफल, सामग्री छलफल, खुला छलफल जस्ता विधिहरू आवश्यकताअनुसार अवलम्बन गर्न सकिन्छ ।

### प्रदर्शन

शिक्षक, विद्यार्थी र सरोकारवालाबाट विभिन्न सामग्री सङ्कलन गरेर विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी भई गरिएको प्रदर्शनीहरू अवलोकन गराउने र त्यसबारेमा छलफल गर्ने जस्ता क्रियाकलाप  सञ्चालन गर्न सकिन्छ । कक्षाकोठामा विषयवस्तुसँग सम्बन्धित सामग्री वा क्रियाकलापको प्रदर्शन गर्दै शिक्षण गर्न सकिन्छ । विषयवस्तुसँग सम्बद्ध चित्र, तस्विर, भिडियो क्लिप्स, वास्तविक वस्तु, चार्ट आदि प्रदर्शन गर्दै छलफल गराउन सकिन्छ ।

#### अवलोकन भ्रमण

विद्यार्थीहरूलाई विभिन्न स्थानहरू जस्तै व्यावसायिक कार्यहरू, व्यापारिक क्षेत्र, कृषि व्यवसाय, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरूको भ्रमण गराउन सकिन्छ । यस क्रियाकलापले बालबालिकामा स्थानीय विषयवस्तुको प्रत्यक्षीकरणमा मद्दत पुग्दछ ।

### परियोजना कार्य

शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्गका रूपमा परियोजना कार्य गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नुपर्दछ । त्यस्तो खाका बनाउँदा के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुरा पहिले नै सोच्नुपर्छ । गरेर सिक्ने कार्यलाई यो विधिले जोड दिएको हुन्छ । छोटा परियोजना कार्यहरू पनि गराउन सकिन्छ ।

### प्रयोगात्मक कार्य

पाठ्यक्रमले बढी भन्दा बढी व्यावहरिक ज्ञान र व्यावसायिक सिपको विकास गराउन खोजेको हुँदा विद्यार्थीलाई प्रयोगात्मक कार्यमा संलग्न गराउनुपर्दछ । कृषिका लागि विद्यालयमा नै करेसाबारी तयार पार्नुपर्दछ । विपत् व्यवस्थापनका कार्यको पनि प्रयोगात्मक र भूमिका अभिनय विधिका माध्यमबाट शिक्षण गर्नुपर्दछ ।

**प्रस्तुत सिकाइ सहजीकरण क्रियाकलापका साथसाथै सिकाइ सहजीकरणमा निम्न कुराहरूमा जोड दिनुपर्दछ :**

१. सिकाइ सहजीकरण विधि न्यूतम् सैद्धान्तिक र अधिकतम् व्यावहारिक तथा प्रयोगात्मक हुने छ । शिक्षण सिकाइमा प्रभावकारिताका लागि गीत, कविता, कथा जस्ता विधाहरू प्रयोग गर्नुपर्ने छ ।

२. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्तक र खोजकर्ताका रूपमा बालबालिका समक्ष प्रस्तुत हुनुपर्ने छ ।

३. यस विषयको शिक्षण सिकाइ प्रक्रियामा विद्यालय र समुदायबिच सहकार्य गर्नुपर्ने छ । स्थानीय समुदायमा भइरहेका आर्थिक तथा सामाजिक अभ्यासहरूलाई सिकाइको प्रमुख स्रोत बनाउनुपर्ने छ । जस्तैः बालबालिकालाई तरकारी खेतीका बारेमा शिक्षकले मात्र नभई स्थानीय कृषकले सिकाउने वातावरण तयार गर्नुपर्ने छ ।

४. व्यक्तिगतभन्दा सामूहिक सिकाइ र सामूहिक मूल्याङ्कनलाई कार्यान्वयन गर्नुपर्ने छ।

५. बालबालिकाहरूको शिक्षण सिकाइ अनुभवकेन्द्रित र दैनिक जीवनसँग विषयवस्तुको तालमेल गराउनुपर्छ।

## सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका

सिकाइ कक्षाकोठामा मात्र सीमित हुँदैन। बालबालिकाले परिवार, समुदाय, साथी, वातावरण तथा विभिन्न मिडियाबाट आकस्मिक, अनौपचारिक तथा औपचारिक तवरबाट सिकिरहेका हुन्छन् । यस पाठ्यक्रमले विद्यार्थीहरूको अनौपचारिक अनुभवहरूलाई औपचारिक सिकाइ कार्यक्रममा जोड्ने प्रयास गर्दछ। यस पाठ्यक्रमले विद्यार्थीहरूलाई जीवनोपयोगी सिप विकासका साथसाथै अर्थपूर्ण, प्रभावकारी र दिगो सिकाइमा मद्दत गर्दछ। यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न शिक्षकको मात्र पूर्ण अभिभारा नभई बालबालिकाहरूले सिक्ने स्थलहरू जस्तैः परिवार, साथी, सरकारी तथा गैरसरकारी संस्थाहरू, स्वावलम्बी समूहहरू तथा व्यक्तिहरू आदिको भूमिका महत्त्वपूर्ण रहन्छ। यसका लागि शिक्षकले आफूलाई विषयवस्तुको ज्ञाता भन्दा सिकाइको सहजकर्ता, सामग्रीको स्रोत, कक्षाकोठाको व्यवस्थापक जस्ता भूमिकामा उभ्याउनुपर्दछ। विद्यालयले समूदायको विज्ञतालाई विद्यार्थीको सिकाइका निम्ति उचित रूपमा प्रयोग गर्नुपर्दछ। यस स्थानीय पठ्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी र बलियो बनाउन शिक्षकको भूमिका निम्नानुसार हुनु आवश्यक हुन्छ :

### १. सिकाइ व्यवस्थापकको रूपमा शिक्षक

शिक्षकले विद्यार्थीको सिकाइमा कक्षाकोठालाई मात्र प्रयोग नगरेर तथ्य विषयवस्तु विद्यार्थीमा प्रसारण गर्न परिवार र समुदायमा जोडेर सिकाइलाई व्यवस्थित बनाउन सकिन्छ। यसका लागि उचित सामग्रीको व्यवस्था, अभिभावक र समुदायका जानकार व्यक्तिलाई आमन्त्रण, सामुदायिक स्रोतको पहिचान जस्ता कार्य गर्नुपर्दछ।

### २. सामग्रीको स्रोतका रूपमा शिक्षक

सामग्रीले सिकाइलाई दिगो र प्रभावकारी बनाउने कुरा सर्वविदितै छ। त्यसैले कक्षाकोठामा सिकाइ सामग्रीलाई जानकारी, तथ्य, प्रक्रिया र प्रत्यक्ष प्रयोगका साथ सिकाउनुपर्दछ। यस पाठ्यक्रममा राखिएका जानकारीमूलक तथ्यहरूको चित्र/फोटो व्यवस्थापन गर्ने, विषयवस्तुका भिडियो क्लिपहरू तयार गर्ने आदि कुरामा शिक्षकले तयारी गर्नुपर्छ।

### ३. कक्षाकोठा व्यवस्थापकको रूपमा शिक्षक

सिकाइका क्रममा शिक्षकले मात्र सामग्री तथा विधिको छनोट गर्नुपर्छ भन्ने छैन। विद्यार्थीहरूसँग पहिले नै उक्त सिकाइसँग काम लाग्ने अनुभव हुन सक्छन्। ती अनुभवहरूलाई कक्षाकोठामा आदानप्रदान गर्ने अवसर दिनुपर्दछ। विद्यार्थीहरूका विविध अनुभवहरूलाई प्राथमिकता दिनुपर्दछ। जसले सिकाइ व्यवस्थापन सहज र सरल बन्छ। विद्यार्थी र अभिभावकलाई पनि सामग्री निर्माणमा सहभागी गराउनुपर्दछ।

### ४. विज्ञता व्यवस्थापकका रूपमा शिक्षक

विद्यालयले विषयवस्तुसँग सम्बन्धित विज्ञहरूको व्यवस्थापन गर्न सक्नुपर्दछ। विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरू जस्तैः विद्यालय व्यवस्थापन, प्रशासन, सरकारी निकायहरू, सामाजिक संस्थाहरू, सामुदायका व्यक्तिहरू, अभिभावकहरू जो पाठ्यक्रमको विषयवस्तुसँग परिचित र विज्ञता हासिल गरेका हुन सक्छन्, उनीहरूको सिकाइमा सक्रिय सहयोगले यस पाठ्यक्रममा परिकल्पना गरेबमोजिम विद्यार्थीहरूको सिकाइ प्रभावकारी हुन सक्दछ। त्यसैले समय समयमा समुदायका व्यक्तिहरूलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरी सहकार्यको वातावरण तयार गर्नुपर्छ।

## विद्यार्थी मूल्याङ्कन

वर्तमान पाठ्यक्रमले आधारभूत तहसम्म विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ। हाम्रो गोदावरी विषयमा विद्यार्थी मूल्याङ्कनका विधिहरू देहायअनुसार हुने छन् :

१. कक्षा ४ र ५ मा ५० प्रतिशत आवधिक र ५० प्रतिशत निरन्तर तथा निर्माणात्मक मूल्याङ्कनमा आधारित आन्तरिक मूल्याङ्कन पद्धतिबाट बालबालिकाहरूको सिकाइ उपलब्धि मापन गरिने छ।

२. निरन्तर आन्तरिक मूल्याङ्कन पद्धतिमा विद्यार्थीको नियमित उपस्थिति, कक्षा कार्यमा सहभागिता, अध्ययन भ्रमण, परीयोजना र प्रयोगात्मक कार्यहरू, अनुभव प्रस्तुति, मौखिक र लिखित कार्यहरू, अभिभावकको प्रतिक्रिया तथा सिकाइ व्यवहारमा सुधार भएको अवस्थाको आधारमा मूल्याङ्कन गरिने छ।

३. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ।

४. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित सक्षमता हासिल गराउनुपर्छ।

५. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ।

६. मूल्याङ्कन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा हासिल गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ। पटक पटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम् सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ।

७. बालबालिकाका विविध क्षमताअनुसार उपयुक्त मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिने छ।

८. विद्यार्थीहरूको मूल्याङ्कनको व्यक्तिगत प्रगति विवरणको कार्यसञ्चयिका (Portfolio) अद्यावधिक गरी राख्नु पर्ने छ।

### (अ) आन्तरिक मूल्याङ्कन :

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ। यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क्रं.सं. | मूल्याङ्कनका पक्षहरू | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिताअन्र्तगत हाजिरी, कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यमा जनाएको सहभागिता र देखाएको सक्रियतालगायतका अन्य पक्ष रहने छन्। |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ | कक्षागत रुपमा परियोजना कार्य र प्रयोगात्मक कार्य सन्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्तालगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्नेछ। |
| ३ | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिक परीक्षाको लागि ५ अङ्क र दोस्रो त्रैमासिक परीक्षाको लागि ५ अङ्क हुनेछ। यसका लागि प्रत्येक परीक्षामा ५० अङ्कको विशिष्टिकरण तालिकाअनुसारको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिनेछ। |
| **जम्मा** | | **५०** | |

## सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य :

१. गोदावरी नगरपालिकाको वडा विभाजनसहितको भौतिक नक्साको स्केच तयार गरी कक्षामा टाँस गर्नुहोस् ।

२. सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो वरपरका मुख्य मुख्य वनका नामको सूची बनाउनुहोस् । उक्त वनको संरक्षण गर्न स्थानीय समुदायले गरेका कार्यहरूको टिपोट गर्नुहोस् ।

३. आफूले मनाउने मुख्य चाडपर्वको बारेमा आफ्नो अभिभावकसँग सोधेर तलका बुँदाको आधारमा तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
(चाडपर्वको नाम, चाडपर्व परेको महिना र गते, उक्त चाडपर्वमा गरिने क्रियाकलाप आदि)

| चाडपर्वको नाम | चाडपर्व परेको महिना र गते | उक्त चाडपर्वमा गरिने क्रियाकलाप |
|---|---|---|
| | | |
| | | |

४. समूहमा रहेर नजिकमा पर्ने धार्मिक स्थलको भ्रमण गरी धार्मिक स्थलको भ्रमण गर्नुहोस् । धार्मिक स्थल रहेको रहेको ठेगाना, परिचय, गरिने क्रियाकलाप, महत्त्व आदिलाई समेटी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. तपाईंको गाउँटोलमा पाइने हस्तकलाका सामग्री के के छन् सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् । ती सामग्री बनाउने तरिका र उपयोगितासम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. अभिभावकको सहयोगमा कागज, प्लास्टिक, माटो, कपडा प्रयोग गरी कुनै एक हस्तकलाको सामग्री निर्माण गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

७. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी बोटबिरुवा रोप्नुहोस् । बिरुवा हुर्काउनका लागि आवश्यक पर्ने (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब एक महिनामा बिरुवाको वृद्धि कति भयो ? बिरुवामा के कस्ता परिवर्तन आए ? अवलोकन गरी प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. घर तथा विद्यालयबाट निस्कने ठोष फोहोरको वर्गीकरण गरी कुहिने र नकुहिने फाहोर छुट्टाछुट्टै सङ्कलन गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के फाइदा भयो ? सङ्क्षेपमा प्रतिवेदन बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. तपाईंले आफ्नो घरमा खाजाका रुपमा प्रयोग गर्ने खाद्यवस्तुहरूको सूची तयार गर्नुहोस् । ती खाद्यवस्तुहरूमध्ये स्थानीय स्तरमा उपलब्ध हुने र बजारबाट किनेर ल्याइने के के हुन् छुट्याउनुहोस् । स्थानीय स्तरमा उपलब्ध हुने स्वस्थवर्द्धक खाद्यपदार्थको प्रयोग गर्दा हुने फाइदाहरू बुँदागत रूपमा टिप्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. आफ्नो विद्यालयमा भएका विपत् घट्न सक्ने असुरक्षित स्थान र विपत्का दृष्टिकोणले सुरक्षित स्थानहरूको पहिचान गर्नुहोस् र निम्नानुसारको तालिकामा भर्नुहोस् :

| विद्यालयमा भएका सुरक्षित स्थानहरू | विद्यालयमा भएका असुरक्षित स्थानहरू |
|---|---|
| | |
| | |

# सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य

१. गोदावरी नगरापालिकको कार्यालय भवन भ्रमण गरी प्रमुख र उपप्रमुखसँग भेटेर छलफल गर्नुहोस् । उहाँहरूले केके भन्नुभयो लेखेर कक्षामा सुनाउनुहोस् ।

२. गोदावरी नगरपालिकाको वडागत महिला र पुरुष जनसङ्ख्याको तालिका तयार गरी उपयुक्त स्तम्भ चित्र तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. गोदावरी नगरपालिकाको नक्सा बनाई निम्नलिखित स्थान भर्नुहोस् : (बागमती नदी, प्याङ्गाउँ पोखरी, फुलचोकी डाँडा, सन्तानेश्वर मन्दिर)

४. गोदावरी नगरपालिकाको क्षेत्रफल, मुख्य जातजाति, जनसङ्ख्या, भौगोलिक तथा सांस्कृतिक विशेषताहरू झल्कने पर्चा तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. समूहगत/व्यक्तिगत रूपमा आफ्नो समुदायमा मनाइने जात्रा वा मेला सम्बन्धमा उक्त मेलाका जानकार समुदायका व्यक्तिसँग सोधपुछ गरी निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

   (क) मेला, पर्व, जात्राको नाम

   (ख) मनाइने समय

   (ग) मेलामा गरिने क्रियाकलाप

६. समूहगत रूपमा गोदावरी नगरपालिकाभित्र पर्ने बोटानिकल गार्डेन तथा गोदावरी जलाधार क्षेत्रको अवलोकन भ्रमण गर्नुहोस् र ती ठाउँका विशेषताको बारेमा सोधखोज तथा अवलोकन गरी प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी औषधिजन्य वनस्पति (घिउकुमारी, अमला, बोझो तुलसी, असुरो वा अन्य औषधिजन्य वनस्पति)को वृक्षरोपण गर्नुहोस् । ती वनस्पति हुर्किनको लागि आवश्यक पर्ने तत्त्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब तीन महिनामा बिरुवाको वृद्धि कति भयो ? बिरुवामा के कस्ता परिवर्तन आए ? अवलोकन गर्नुहोस् । ती औषधिजन्य वनस्पति के के कामको लागि प्रयोग हुन्छन् ? कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. घर तथा विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिका कम प्रयोग, पुनःप्रयोग र पुनःचक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपाय अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. तपाईंको घर वा विद्यालय भएको समुदायमा घटेको कुनै एक विपत्को घटनाको बारेमा छिमेकी वा अभिभावकलाई सोधर के के कारणले उक्त घटना भएको हो ? उक्त घटनाका असर के के हुन् र ती असरहरू कम गर्न अपनाइएका उपायहरूलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| घटनाको कारणहरू | असरहरू | अपनाइएका उपायहरू |
|---|---|---|
| | | |
| | | |

१०. आफ्नो समुदायमा भएका विपत् घट्न सक्ने असुरक्षित स्थान र विपत्का दृष्टिकोणले सुरक्षित स्थानहरूको पहिचान गर्नुहोस् र निम्न अनुसारको तालिकामा भर्नुहोस् र प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| समुदायमा भएका सुरक्षित स्थानहरू | समुदायमा भएका असुरक्षित स्थान |
|---|---|
| | |
| | |

**(आ) अन्तिम परीक्षा :**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्नलिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहाँ कक्षा ५ को विशिष्टीकरण तालिका बनाइएको छ । यसलाई आधार लिई स्थानीय विषय अध्यापन गर्ने शिक्षकले कक्षा ४ को पनि यसै प्रकारको विशिष्टीकरण तालिका बनाई प्रयोग गर्न सक्नेछन् ।

# विशिष्टीकरण तालिका

**कक्षा** : ५
**पूर्णाङ्क** : ५०

**विषय** : हाम्रो गोदावरी
**समय** : २ घण्टा

| एकाइ | क्षेत्र | पाठ्य घण्टा | अङ्क भार | ज्ञान/ बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न सङ्ख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | गोदावरी नगरपालिकाको परिचय | १० | ४ | १ | १ | | १ | | | | | | २ | १ | | २ | २ | | ४ |
| २ | गोदावरीको प्राकृतिक सम्पदा | १० | ५ | १ | | | | १ | | | १ | | १ | २ | | १ | ४ | | ५ |
| ३ | गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा | १२ | ७ | १ | १ | | | | | | | १ | १ | १ | १ | १ | २ | ४ | ७ |
| ४ | गोदावरीको सांस्कृतिक सम्पदा | २२ | ७ | १ | १ | | | | १ | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| ५ | गोदावरीको भाषा साहित्य | २२ | ३ | १ | | | | | | | १ | | १ | १ | | १ | २ | | ३ |
| ६ | आयआर्जन | २० | ५ | | | | १ | | | | | १ | १ | | १ | १ | | ४ | ५ |
| ७ | स्वस्थ जीवन शैली | १० | ५ | १ | १ | | | | | | १ | | १ | २ | | १ | ४ | | ५ |
| ८ | आधारभूत व्यावसायिक सिप | १२ | ७ | १ | | १ | | १ | | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| ९ | विपत् व्यवस्थापन | १० | ७ | | १ | १ | १ | | | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| जम्मा | | १२८ | ५० | ७ | ५ | २ | ३ | २ | १ | | ३ | २ | १० | १० | ५ | १० | २० | २० | ५० |

## वार्षिक पाठ्यघण्टा

### कक्षा ४ र ५ को एकाइगत वार्षिक पाठ्यघण्टा यस प्रकार रहेको छ :

| क्र.सं. | विषय क्षेत्र | पाठ्यघण्टा |
|---|---|---|
| १ | गोदावरी नगरपालिकाको परिचय | १० |
| २ | गोदावरीको प्राकृतिक सम्पदा | १० |
| ३ | गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा | १२ |
| ४ | गोदावरीको सांस्कृतिक सम्पदा | २२ |
| ५ | गोदावरीको भाषा साहित्य | २२ |
| ६ | आयआर्जन | २० |
| ७ | स्वस्थ जीवन शैली | १० |
| ८ | आधारभूत व्यावसायिक सिप | १२ |
| ९ | विपत् व्यवस्थापन | १० |
| | **जम्मा** | १२८ |

## पाठ्यभार र अङ्कभार निर्धारण

### कक्षा ४ र ५ को एकाइगत पाठ्यभार र अङ्कभार यस प्रकार रहेको छ

| क्र.सं. | विषय क्षेत्र | अङ्कभार | | | पाठ्यभार | | |
|---|---|---|---|---|---|---|---|
| | | सैद्धान्तिक | व्यवहारिक | जम्मा | सैद्धान्तिक | व्यवहारिक | जम्मा |
| १ | गोदावरी नगरपालिकाको परिचय | ४ | ४ | ८ | ७ | ३ | १० |
| २ | गोदावरीको प्राकृतिक सम्पदा | ५ | ५ | १० | ६ | ४ | १० |
| ३ | गोदावरीको धार्मिक र ऐतिहासिक सम्पदा | ७ | ७ | १४ | ७ | ५ | १२ |
| ४ | गोदावरीको साँस्कृतिक सम्पदा | ७ | ७ | १४ | १२ | १० | २२ |
| ५ | गोदावरीको भाषा, साहित्य, कला | ३ | ३ | ६ | १२ | १० | २२ |
| ६ | आय आर्जन | ५ | ५ | १० | १२ | ८ | २० |
| ७ | स्वस्थ जीवनशैली | ५ | ५ | १० | ५ | ५ | १० |
| ८ | आधारभूत व्यावसायिक सिप | ७ | ७ | १४ | ७ | ५ | १२ |
| ९ | विपत् व्यवस्थापन | ७ | ७ | १४ | ६ | ४ | १० |
| | जम्मा | ५० | ५० | १०० | ७४ | ५४ | १२८ |

## अनुसूची १
## गोदावरी नगरपालिकाको परिचय

### (क) गोदावरी नगरपालिकाको परिचय

| क्र. सं. | विषयवस्तु | विवरण |
|---|---|---|
| १. | नगरपालिकाको नाम | गोदावरी नगरपालिका |
| २. | जिल्ला | ललितपुर |
| ३. | प्रदेश | बागमती |
| ४. | नगरपालिकाको स्थापना | २०७३ फागुन २७ गते |
| ५. | नगरपालिका कार्यालय रहेको स्थान | बज्रबाराही, चापागाउँ |
| ६. | भौगोलिक अवस्थिति | ८५° १५′ ८″ पूर्वी देशान्तरदेखि<br>८५° २४′ ५७″ पूर्वी देशान्तरसम्म<br>२७° ३१′ ४०″ उत्तरी अक्षांशदेखि<br>२७° ३८′ ५७″ उत्तरी अक्षांशसम्म |
| ७. | फैलावट र क्षेत्रफल | उत्तर -दक्षिण ८.२ कि.मी.<br>पूर्व - पश्चिम १३.३ कि.मी. फैलिएको<br>क्षेत्रफल ९६.११ वर्ग कि.मी.<br>समुद्र सतहबाट करिब ४५७ मि .देखि २८३१ मि .सम्मको उचाइ |
| ८. | हावापानी | समशीतोष्ण हावापानी |
| ९. | नगरपालिका क्षेत्र | साबिकका १२ ओटा गाविसहरू<br>गोदामचौर, बिशङ्खुनारायण, गोदावरी, बडिखेल, लेले, देवीचौर, डुकुछाप, छम्पी, चापागाउँ, ठेचो, झरुवारासी र ठैव समेटेर गोदावरी नगरपालिका बनाइएको |
| १०. | वडा सङ्ख्या | १४ |
| ११. | नगरपालिकाको सिमाना जोडिएका पालिकाहरू | **पूर्वः** कोञ्ज्योसोम गाउँपालिका र काभ्रे जिल्ला<br>**पश्चिमः** ललितपुर महानगरपालिका, काठमाडौँ र मकवानपुर जिल्ला<br>**उत्तरः** ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिका<br>**दक्षिणः** कोञ्ज्योसोम र बागमती गाउँपालिका |
| १२. | मुख्य समुदायहरू | नेवार, क्षेत्री, ब्राह्मण, पहरी वा नगरकोटी , तामाङ, दशनामी, दलित, दनुवार आदि । |
| १३. | धर्महरू | हिन्दु, बौद्ध, मुस्लिम, क्रिस्चियन र अन्य |
| १४. | जनसङ्ख्या | (नगर पार्श्वचित्र, २०७५) १,१६,०४५ |
| १५. | घरधुरी | १८,२६२) नगर पार्श्वचित्र, २०७५ |
| १६. | सबैभन्दा ठुलो वडा | वडा नं ३ |
| १७. | सबैभन्दा सानो वडा | वडा नं १४ |

### (ख) वडा केन्द्रहरू

| वडा नं. | वडा केन्द्रहरू |
|---|---|
| १. | गोदामचौर |
| २. | बिशङ्खुनारायण |
| ३. | किटनी |
| ४. | बडिखेल |
| ५. | लेले |
| ६. | टिकाभैरव |
| ७. | देवीचौर |
| ८. | डुकुछाप |
| ९. | छम्पी |
| १०. | प्याङ्गाउँ |
| ११. | चापागाउँ |
| १२. | ठेचो |
| १३. | झरुवारासी |
| १४. | ठैव |

## अनुसूची २
## गोदावरी नगरपालिकाका प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक सम्पदाहरू

### (क) गोदावरी नगरपालिकाको प्राकृतिक सम्पदाहरू

| क्र. सं. | विषयवस्तु | विवरण |
|---|---|---|
| १. | मुख्य प्राकृतिक वनस्पति | चिलाउने, सल्लो, उत्तिस, बकाइनो, पैयुँ, काउलो, खरी, जुरेकाफल, हाडेकाफल, चाँप, सउर, दुधिलो, लाँकुरी, वर, पिपल, मयल, हाडेबयर, सिरिस, गुराँस, कटुस, आदि |
| २. | पहाड | फुल्चोकी, आनन्दवन, तीनपाने, छोटीडाँडा, गोदावरी डाँडा, सन्तानेश्वर डाँडा, चापाखर्क, लामीडाँडा, कोटडाँडा, चापाखर्क |
| ३. | वन | सामुदायिक, कबुलियती, धार्मिक वन, निजी वन र सरकारी वन |
| ४. | खोला | नक्खु, कर्मनासा, लेले खोला, गोदावरी खोला, बुरुन्चुली खोला, नल्लु खोला महादेव खोला र कोड्कु खोला, खहरे खोला |
| ५. | जङ्गली जनावर | बाँदर, स्याल, फ्याउरो, जङ्गली खरायो, चितुवा, मृग, बँदेल, दुम्सी, सर्प, मलसाँप्रो, न्याउरी मुसो, वन बिरालो, चमेरो, मुसा आदि |
| ६. | पन्छी | काँडे भ्याकुर, कालिज, लुइँचे, काग, ढुकुर, परेवा, जुरेली, कोइली, सारौँ रुपी, गौँथली, चिल, सुगा, लाटोकोसेरो, बाज, भँगेरा, चिबे, सिमकुखुरा, लामपुच्छ्रे, माटोकोटरी, तोपचरा, जुरेली, बकुला, बाज, तित्रो, पानी हाँस, गौँथली, काठफोरा फिस्टो आदि |

### (ख) ऐतिहासिक तथा पर्यटकीय स्थल

| क्र.सं. | पर्यटकीय तथा ऐतिहासिक स्थल | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | मुक्तिनाथ धाम | गोदामचौर | १ |
| २ | बिशङ्खुनारायण मन्दिर | बिशङ्खु | २ |
| ३ | कोटडाँडा | बिशङ्खु | २ |
| ४ | चापाखर्क | बिशङ्खु | २ |
| ५ | गोदावरी वनस्पति उद्यान | गोदावरी | ३ |
| ६ | फुल्चोकी डाँडा | गोदावरी, फुल्चोकी | ३ |
| ७ | शान्ति वन | गोदावरी | ३ |
| ८ | फुल्चोकी मन्दिर | फुल्चोकी डाँडा, गोदावरी | ३ |
| ९ | गोदावरी कुण्ड | गोदावरी | ३ |
| १० | नौधारा | गोदावरी | ३ |
| ११ | शान्ति वन | गोदावरी | ३ |
| १२ | रामचन्द्र मन्दिर | गोदावरी | ३ |
| १३ | बौद्ध गुम्बा | गोदावरी | ३ |
| १४ | तपेश्वर | बडिखेल | ४ |
| १५ | मनकामना पिकनिक स्थल | लेले, काभ्रे | ५ |
| १६ | मनकामना मन्दिर | लेले | ५ |
| १७ | तिलेश्वर धाम तथा सरस्वती कुण्ड | लेले | ५ |

| | | | |
|---|---|---|---|
| १८ | बालकुमारी जयलकुमारी मन्दिर | लेले | ५ |
| १९ | कनकसुन्दरीमाई | लेले | ५ |
| २० | पि.आइ.ए.पार्क | लेले, फैडोल | ६ |
| २१ | कोटडाँडा | लप्से | ६ |
| २२ | मल्ल होटल | कालीटार | ६ |
| २३ | दलचोकी डाँडा | दलचोकी | ६ |
| २४ | टिकाभैरव मन्दिर | टिकाभैरव | ६ |
| २५ | मनेश्वरी मन्दिर | फैडोल | ६ |
| २६ | लप्से माने | लप्से | ६ |
| २७ | टिकाभैरव मन्दिर | टिकाभैरव | ६ |
| २८ | मनेश्वरी मन्दिर | फैडोल | ६ |
| २९ | लप्से माने | लप्से | ६ |
| ३० | देवीचौर भ्युटावर | देवीचौर, देउराली | ७ |
| ३१ | सुन्तलीडाँडा | देवीचौर | ७ |
| ३२ | कटुवालदह | देवीचौर | ७ |
| ३३ | कटुला दह बुङ्गद्यः पिठ | देवीचौर | ७ |
| ३४ | स्वर्गद्वारी मन्दिर | सुन्तोलीडाँडा | ७ |
| ३५ | पाथीभरा मन्दिर | सुन्तोलीडाँडा | ७ |
| ३६ | छम्पी देवी मन्दिर | छम्पी | ९ |
| ३७ | विन्ध्यवासिनी मन्दिर | छम्पी | ९ |
| ३८ | बुरुन्चुली माने | छम्पी | ९ |
| ३९ | गणेश मन्दिर | छम्पी | ९ |
| ४० | राधासर्वेश्वर धाम | बोहोराटार | १० |
| ४१ | भागावन डाँडा | टाहाखेल | १० |
| ४२ | जीवनेश्वर मन्दिर | न्यौपानेगाउँ | १० |
| ४३ | गणेश मन्दिर | टाहाखेल | १० |
| ४४ | कृष्णमन्दिर | टाहाखेल | १० |
| ४५ | शिवमन्दिर | तल्लो चौतारा | १० |
| ४६ | बागेश्वरी मन्दिर | माथिल्लो चौतारा | १० |
| ४७ | गणेशमन्दिर | टाहाखेल चौतारा | १० |
| ४८ | चन्द्रभैरव मन्दिर | चापागाउँ | ११ |
| ४९ | बज्रबाराही गुम्बा | चापागाउँ | ११ |
| ५० | कालेश्वर महादेव मन्दिर | प्याङ्गाउँ, चपागाउँ | ११ |
| ५१ | महादेव मन्दिर | बुलु | ११ |
| ५२ | तीनमुखे महादेव मन्दिर | चापागाउँ | ११ |
| ५३ | नाटेश्वर मन्दिर | चापागाउँ | ११ |
| ५४ | भगवती मन्दिर | चापागाउँ | ११ |
| ५५ | गणेश मन्दिर | चापागाउँ | ११ |
| ५६ | कृष्ण मन्दिर | चापागाउँ | ११ |
| ५७ | बज्रबाराही मन्दिर | चापागाउँ | ११ |

| | | | |
|---|---|---|---|
| ५८ | बज्रबाराही मन्दिर परिसर | चापागाउँ, बज्रवाराही | ११ |
| ५९ | ज्योति विहार | चापागाउँ | ११ |
| ६० | नवदुर्गा मन्दिर | ठेचो | १२ |
| ६१ | बालकुमारी मन्दिर | ठेचो | १२ |
| ६२ | ब्रह्मायणी मन्दिर | ठेचो | १२ |
| ६३ | दुग्धेश्वर महादेव मन्दिर | ठेचो | १२ |
| ६४ | वेलुवनाराम विहार | ठेचो | १२ |
| ६५ | वनोध्यान विहार | ठेचो | १२ |
| ६६ | जल पुस्करणीय विहार | ठेचो | १२ |
| ६७ | सिद्धिविनायक मन्दिर | ठेचो | १२ |
| ६८ | नाटेश्वर मन्दिर | ठेचो | १२ |
| ६९ | भैरव मन्दिर | ठेचो | १२ |
| ७० | फुट गुम्बा | ठेचो | १२ |
| ७१ | ढल्केश्वर महादेव (प्यपाःख्वाः महाद्यः) | ठेचो | १२ |
| ७२ | ह्याउँन्या पुखू | ठेचो | १२ |
| ७३ | सन्तानेश्वर मन्दिर | भरुवारासी | १३ |
| ७४ | स्वेतबाराही मन्दिर | बाँडेगाउँ | १४ |
| ७५ | कालभैरव मन्दिर | बाँडेगाउँ | १४ |
| ७६ | भट्टराइ निवास | बाडेगाउँ | १४ |

**नोटः**

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा रहेका यस्तै धार्मिक स्थलहरू समेटेर अध्यापन गर्नुपर्ने छ।

- उपत्यकाका चार बाराहीहरू बज्रबाराही, स्वेतबाराही, निलबाराही र धुमबाराहीमध्ये बज्रबाराही र स्वेतबाराही यसै नगरपालिकामा पर्छन्।
- उपत्यकाका चार नारायणहरू बिशङ्खुनारायण, इचङ्कुनारायण, चाँगुनारायण र शेषनारायणमध्ये बिशङ्खुनारायण यसै नगरपालिकामा पर्छ।
- उपत्यकाका चार सरस्वतीमध्ये तिलेश्वर नील सरस्वती मन्दिर यसै नगरपालिकामा पर्छ।

## अनुसूची ३

| धर्म | हिन्दु, बौद्ध, इस्लाम, किराँत |
|---|---|

### (क) गोदावरी नगरपालिकामा प्रचलित धार्मिक तथा सांस्कृतिक पर्वहरू :

| गोदावरी नगर क्षेत्रमा मनाइने सामान्य चाडपर्वहरू | जाति विशेषका पर्व | | | | |
|---|---|---|---|---|---|
| | नेवार | तामाङ | पहरी | दनुवार | अन्य |
| नव वर्ष वैशाख १ गते कटुवाल दह मेला | खायु सँल्हु | | | | |
| मातातीर्थ औँसी | माँया ख्वाः स्वयेगु | | | | |
| | ल्हुती पुन्ही | | | | इदउल फितर (इस्लाम पर्व) |
| बुद्ध जयन्ती /चण्डी पूर्णिमा | स्वाँया पुन्ही | बुद्ध जयन्ती | | | उभौली पर्व ( किराँत समुदाय) |
| | | वैशाख पूर्णिमादेखि जेष्ठ पूर्णिमासम्म (पुरुषको आत्माको लागि पितृ पूजा) | | | |
| | सिथिःनखः | | | | |
| असार १५ (दही च्यूरा खाने दिन) | | | | | |
| हरिशयनी एकादशी | | | | | बकर इद (इस्लाम पर्व) |
| गुरुपूर्णिमा | | | | | |
| साउने सङ्क्रान्ति | | साउने सङ्क्रान्ति | साउने सङ्क्रान्ति | साउने सङ्क्रान्ति | |
| | घण्टाकर्ण /गथाँमुगः (चःहे्) | | घण्टाकर्ण / गथाँमुगः (चःहे् | | |
| | गुंला पर्व आरम्भ | | | | |
| साउन १५ गते (खिर खाने दिन) | | | | | |
| नाग पञ्चमी / नागदह मेला | नाग पञ्चमी / नागदह मेला | | नाग पञ्चमी/ नागदह मेला | | |
| जनैपूर्णिमा/रक्षाबन्धन | गुन्हु पुन्ही/क्वाती पुन्ही | गोठेङ्या पर्व | जनैपूर्णिमा/ | | |
| गाईजात्रा | सापारु | | गाईजात्रा | | |
| | मतयाः/ रोपाइँजात्रा | | मतयाः/ रोपाइँजात्रा | | |
| श्रीकृष्ण जन्माष्टमी | कृष्णजात्रा | | | | |
| कुशे/औँसी बुबाको मुख हेर्ने दिन/गोकर्ण औँसी | बौया ख्वाः स्वयेगु | | बुबाको मुख हेर्ने दिन | बुबाको मुख हेर्ने दिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चथाः | | | | |
| | जुगः (भिन्द्य जात्रा) | | | | |
| | गुंला पर्व समाप्ति | | | | |
| हरितालिका तीज र ऋषि पञ्चमी | | | हरितालिका तीज र ऋषि पञ्चमी | | |
| इन्द्र जात्रा | येँयाः | | इन्द्र जात्रा | | |
| १२ वर्षे कुम्भ मेला गोदावरी स्नान (१२ वर्षमा एकपटक) | | | | | |
| दसैँ (नवरात्रि) | मोहनी | दसैँ | दसैँ | दसैँ | |
| घटस्थापना | नःला स्वनेगुं | | | | |
| फूलपाती | | | | | |
| अष्टमी | कुछिभ्वय् | | | | |
| नवमी | स्याक्व त्याक्व | | | | |
| दशमी | चलं | | | | |
| | १२ वर्षे नवदुर्गा जात्रा थेच्व नवदुर्गा बाह्र दं जात्रा) नवरात्रिदेखि मङ्सिरसम्म १२ वर्षमा एक पटक) | | | | |
| कोजाग्रत पूर्णिमा | पुन्ही (द्यः भगवान) | | | | |
| तिहार (काग तिहार, कुकुर तिहार, लक्ष्मी पूजा, गोवर्द्धन पूजा, भाइटीका) | क्वः पूजा, खिचापूजा, लक्ष्मीपूजा, न्हूदं/म्ह पूजा, किजा पूजा, स्वां क्वकायेगु | | तिहार | | |
| हरिबोधिनी एकादशी (विशङ्खु नारायण मेला) | हरिबोधिनी एकादशी | कार्त्तिक पूर्णिमा देखि मङ्सिर पूर्णिमासम्म (महिलाको आत्माको लागि पितृ पूजा) | हरिबोधिनी एकादशी | हरिबोधिनी एकादशी | |
| धान्यपूर्णिमा (देवली) | यःमरी पुन्ही (थेच्व स्थानीय जात्रा) भैरब, बालकुमारी, ब्रह्मायणी र नवदूर्गा जात्रा | | यःमरी पुन्ही | | उधौली पर्व (किराँत समुदाय) |
| | बज्रबाराही जात्रा (मरस्थी जात्रा) | | | | |
| बाला चतुर्दशी | बाला चतुर्दशी | | बाला चतुर्दशी | | |
| | | | | | क्रिसमस डे (इसाइ धर्मावलम्बी) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तमुल्होसार (गुरुङ जाति) |
| स्वस्थानी पूर्णिमा (माघ स्नान र व्रत प्रारम्भ) | माघ बनेगु (माघ स्नान र व्रत प्रारम्भ) | | | | |
| माघे सङ्क्रान्ति | घ्यःचाकु सँल्हु | माघे सङ्क्रान्ति | माघे सङ्क्रान्ति | माघे सङ्क्रान्ति | |
| | दे पूजा (दिगी पूजा) | | | | |
| | | सोनाम ल्होसार (तामाङ जाति) | | | |
| श्री पञ्चमी/वसन्त पञ्चमी तिलेश्वर सरस्वती कुण्ड मेला | श्री पञ्चमी/वसन्त पञ्चमी | श्री पञ्चमी/वसन्त पञ्चमी | श्री पञ्चमी/वसन्त पञ्चमी | | |
| श्री स्वस्थानी पूर्णिमा (माघ स्नान र व्रत समाप्ति) | श्री स्वस्थानी पूर्णिमा (माघ स्नान र व्रत समाप्ति) | | | | |
| महाशिवरात्री | सिल्ला चह्रे | | महाशिवरात्री | | |
| फागु पूर्णिमा | फागु पुन्ही | | फागु पुन्ही | | |
| | बादेगां जात्रा (स्वेतबाराही र फूलचोकी जात्रा) | | | | |
| | ठैव जात्रा (च्वलय् जात्रा/ फूलचोकीमाई जात्रा) | | | | |
| घोडेजात्रा | पाहा चह्रे | | घोडेजात्रा | | |
| चैते दसैँ | | | चैते दसैँ | | |
| रामनवमी | | | | | |
| चैत्र पूर्णिमाको टीकाभैरव मेला | बादेयूया स्थानीय जात्रा (प्यखः जात्रा) चापागाउँ | चैत्र पूर्णिमा | चैत्र पूर्णिमाको टीकाभैरव मेला | | |
| | बुलुदेयूया स्थानीय जात्रा (गणेश, भैरव जात्रा) | | | | |
| | सिन्दुरे जात्रा (सिन्हया जात्रा) लेले | | | | |
| | पञ्ज्रा/पञ्जाराँ | | | | |

यस अनुसूचीमा गोदावरी नगरपालिकाभित्रका सबै पर्वहरू नसमेटिएको हुनसक्छ । सम्बन्धित विज्ञहरूको सुझावका आधारमा सुधार गर्दै लगिने छ । शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा रहेका यस्तै पर्वहरू समेटेर अध्यापन गर्नुपर्ने छ ।

**(ख) परम्परागत वाद्यवादन तथा नृत्य**

| क्र.सं. | बाजाको नाम | बाजा बजाइने समय | समुदाय/जाति |
|---|---|---|---|
| १. | काःबाजा | विभिन्न जात्रा तथा पर्वहरूमा र मलामी जाँदा बजाइने | नेवार |
| २. | धिमय् बाजा | विभिन्न जात्रा, पर्व तथा शुभकार्य | नेवार |
| ३. | धाःबाजा | गुंला पर्व | नेवार |
| ४. | झ्याली बाजा | विभिन्न जात्रा, पर्व तथा शुभकार्य | नेवार |
| ५. | पञ्चैबाजा (सनाई, ढोलकी, झ्याली, ट्याम्को, दमाहा ) | विवाह, व्रतबन्ध, देवाली, शुभकार्य | सबै |
| ६. | डमरु / कान्ताँ दवदव | दसैँ र पूजाकार्य | सबै |
| ७. | खिं बाजा (बाँसुरी (काठबाट बनेको), ता, छुस्या, तिंछु / पछिमा | विवाह, व्रतबन्ध, देवाली, शुभकार्य | नेवार |
| ८. | बाँसुरी | लोक गीत तथा भजनमा गाइने | सबै |
| ९. | शङ्ख | पूजा प्रार्थना, मलामी जाँदा बजाइने | सबै |
| १० | नाय् खिँ | विभिन्न जात्रा तथा पर्वहरूमा र मालामी जाँदा बजाइने | नेवार |
| ११. | हार्मोनियम | भजन कीर्तनमा बजाइने | सबै |
| १२. | तबला | भजन कीर्तनमा बजाइने | सबै |
| १३. | मादल | नाचगानमा बजाइने | सबै |
| १४. | नेकुबाजा | मतयाः मा बजाइने | नेवार |
| १५. | डम्फु | शुभ पर्वहरू, नाचगान गर्दा | तामाङ |
| १६. | ढ्याङ्ग्रो | घेवा, तान्त्रिक कर्म | तामाङ |
| १०. | गुंलाबाजँ (लोक धुन) | मन्दिर जाँदा समूहमा बजाउने | नेवार |
| ११. | मालश्री धुन (लोक धुन) | खास गरी दसैँताका बजाइने | नेवार |

यस अनुसूचीमा गोदावरी नगरपालिकाभित्रका सबै लोकबाजाहरू नसमेटिएको हुनसक्छ । सम्बन्धित विज्ञहरूको सुझावका आधारमा सुधार गर्दै लगिने छ। शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै बाजाहरू समेटेर अध्यापन गर्नुपर्ने छ।

## (ग) परम्परागत संस्कारहरू :

| क्र.सं. | संस्कार | नेवार संस्कारको नाम | समुदाय र जाति | कैफियत |
|---|---|---|---|---|
| १. | जन्म संस्कार | धौबाजी नकेगु/ दही चिउरा खुवाउने | सबै | गर्भवती महिलालाई खुवाउने |
| | | सिसापालु कायूके छ्वयेगु दमरा फःवयूगु | नेवार | छोरी जन्मेको खबर माइतीमा पठाउने |
| | | सुतक बार्ने | सबै | दाजुभाइ खलकले |
| | | न्वारान (व्यंकेगु) | सबै | जातीय परम्पराअनुसार फरक हुने |
| | | छैठी | ब्राह्मण, क्षेत्री | जन्मेको ६ दिनमा |
| | | पास्नी, अन्नप्रासन मचा जंक्व | सबै | छोरी भए जन्मेको ५ महिनामा र छोरा भए ६ या ७ महिनामा |
| | | निदँबुदिँ | नेवार | दुई वर्षको उमेरमा छोरालाई यःमरीसहित सगुन दिने संस्कार |
| | | प्यँदबुदिँ | नेवार | चार वर्षको उमेरमा छोरालाई सगुन दिने संस्कार |
| | | कुमारी पूजा | नेवार | छोरीका लागि गरिने संस्कार |
| २. | कर्म चलाउने संस्कार | व्रतबन्ध/कयूता पूजा (छोराको कर्म चलाउने) | सबै | जातीय परम्पराअनुसार फरक फरक हुने |
| | | छेवर | सबै | तामाङ जातिमा विशेष हुने |
| | | बेल विवाहा र ईही | नेवार | छोरीका लागि गरिने संस्कार |
| | | गुफा राख्ने/बाह्रा | नेवार | छोरीका लागि गरिने संस्कार |
| ३. | विवाह संस्कार | विवाह (इहिपा) | सबै | जातीय परम्पराअनुसार फरक हुने |
| ४. | बुढ्यौली संस्कार | भीम रथारोहण | नेवार | बुबा वा आमाको उमेर ७७ वर्ष, ७ महिना ७ दिनमा |
| | | चन्द्र रथारोहण | नेवार | बुबा वा आमाको उमेर ८४ वर्ष, ४ महिना ४ दिनमा |
| | | देव रथारोहण | नेवार | बुबा वा आमाको उमेर ८८ वर्ष, ८ महिना ८ दिनमा |
| | | दिव्य रथारोहण | नेवार | बुबा वा आमाको उमेर ९९ वर्ष, ९ महिना ९ दिनमा |
| | | महा दिव्य रथारोहण | नेवार | बुबा वा आमाको उमेर १०८ वर्ष, ८ महिना ८ दिनमा |
| | | चौरासी पूजा | ब्राह्मण/ क्षेत्री | ८४ वर्षको उमेरमा गरिने पूजा |

| | | | | |
|---|---|---|---|---|
| ५. | मृत्यु संस्कार | दाह संस्कार/सिथँ वनेगु | सबै | मृत्युपश्चात् जातीय परम्पराअनुसार फरक हुने । |
| | | किरिया बार्ने | ब्राह्मण क्षेत्री र नेवार | मृतकका दाजुभाइ मृतकका दाजुभाइ खलक र  नजिकका नातेदारहरू |
| | | विचार लैजाने | ब्राह्मण<br>क्षेत्री र<br>नेवार<br>(७ दिनभित्र) | |
| | | पैँतालिस दिनको श्राद्ध | ब्राह्मण क्षेत्री र नेवार | |
| | | बरखी | ब्राह्मण क्षेत्री र नेवार (१ वर्ष) | |
| | | विचाः- भोलिपल्ट<br>प्यन्हुविचाः-चार दिनमा<br>न्हयून्हुबूः- सातदिनमा<br>दूव्यंकेगुः- दस दिनमा<br>घःसूः- बाह्रदिनमा<br>लत्याः-पैँतालिस दिनमा<br>खुलाः- छ महिनामा<br>दकिलाः- एक वर्षमा<br>नितिथिः- दुई वर्षमा | नेवार | |
| | | जुठो बार्ने | सबै | जातीय परम्पराअनुसार फरक हुने |
| | | घेवा | तामाङ | मृत्यु भएपछि गरिने संस्कार |
| | | श्राद्ध र पिण्डदान तिथि | ब्राह्मण क्षेत्री र नेवार | जातीय परम्पराअनुसार फरक हुने |

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै संस्कारहरू समेटेर अध्यापन गर्नुपर्ने छ ।

### (घ) गोदावरी नगरपालिका क्षेत्रमा प्रचलित विशेष खानेकुराहरू

| क्र.सं. | खानाको नाम | समुदाय / जाति |
|---|---|---|
| १. | ढिँडो | सबै |
| २. | गुन्द्रुक | सबै |
| ३. | योमरी | नेवार |
| ४. | समयबजी | नेवार |
| ५. | छ्वयला | नेवार |
| ६. | चाकु | सबै |
| ७. | बारा (वः) | नेवार |
| ८. | खुवा | सबै |
| ९. | फुर्‍यौला /फुलौरा/फुरौला | ब्राह्मण / क्षेत्री |
| १०. | पुष्टकारी | सबै |
| ११. | बाबर | सबै |
| १२. | खिर | सबै |
| १३. | सेलरोटी | सबै |
| १४. | रोटी | सबै |

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै खानेकुराहरू समेटेर अध्यापन गर्नु पर्नेछ ।

### (ङ) पहिरन तथा गहना

| क्र.सं. | पहिरनको नाम | समुदाय / जाति |
|---|---|---|
| १. | दौरा सुरुवाल | सबै |
| २. | गुन्यु चोली | सबै |
| ३. | कमिज/पाइन्ट | सबै |
| ४. | कोट | सबै |
| ५. | हाकु पटासी | नेवार |
| ६. | लुङ्गी | तामाङ |
| ७. | पटुकी | सबै |
| ८. | पाङ्देन, बख्खु | तामाङ |
| ९. | पर्सि, मिसालं | नेवार |
| १०. | भान्तालं | नेवार |
| ११. | सिन्दुर, टीका, शिरबन्दी, न्यापुसिखं, लुँस्वा, शिरफूल (शिरमा लगाउने) | सबै |
| १२. | मडबारी, ढुङ्ग्री, झुम्का टप, माकःर्सि (कानमा लगाउने) | सबै |
| १३. | पोते, तिलहरी, मङ्लसुत्र, सिन्दुर, तायः, जन्तर (गलामा लगाउने) | हिन्दु महिला |
| १४. | बुलाकी फूली, (नाकमा लगाउने) | सबै |
| १५. | औँठी, चुरा, बाला (हातमा लगाउने) | सबै |
| १६. | पाउजु, बिच्छी, कल्ली (पाउमा लगाउने) | सबै |

शिक्षकले आफ्नो स्थानीय क्षेत्रमा प्रचलित यस्तै पहिरनहरू समेटेर अध्यापन गर्नुपर्ने छ।

### (च) नेपाल संवत्‌अनुसार महिनाका नामहरू

| महिना क्रम | नेवार महिनाको नाम | सम्भावित अङ्ग्रेजी महिना | सम्भावित नेपाली महिना |
|---|---|---|---|
| पहिलो | कछला | October | कात्तिक |
| दोस्रो | थिंला | November | मङ्सिर |
| तेस्रो | पोहेला | December | पुस |
| चौथो | सिल्ला | January | माघ |
| पाँचौँ | चिल्ला | February | फागुन |
| छैठौँ | चौला | March | चैत |
| सातौँ | बछला | April | वैशाख |
| आठौँ | तछला | May | जेठ |
| नवौँ | दिल्ला | June | असार |
| दसौँ | गुंला | July | साउन |
| एघारौँ | ञंला | August | भदौ |
| बाह्रौँ | कौला | September | असोज |
| | **अनला (अधिकमास परेको वर्ष १ महिना थप हुने)** | | |

**(छ) शुक्ल पक्ष र कृष्ण पक्षका दिनहरू**

| शुक्ल पक्ष (उज्ज्यालो रात) का दिनहरू | कृष्ण पक्ष (अँध्यारो रात) का दिनहरू |
|---|---|
| पहिलो दिन = प्रतिपदा | पहिलो दिन = प्रतिपदा |
| दोस्रो दिन = द्वितीया | दोस्रो दिन = द्वितीया |
| तेस्रो दिन = तृतीया | तेस्रो दिन = तृतीया |
| चौथो दिन = चतुर्थी (चौथी) | चौथो दिन = चतुर्थी (चौथी) |
| पाँचौँ दिन = पञ्चमी | पाँचौँ दिन = पञ्चमी |
| छैठौँ दिन = षष्ठी | छैठौँ दिन = षष्ठी |
| सातौँ दिन = सप्तमी | सातौँ दिन = सप्तमी |
| आठौँ दिन = अष्टमी | आठौँ दिन = अष्टमी |
| नवौँ दिन = नवमी | नवौँ दिन = नवमी |
| दसौँ दिन = दशमी | दसौँ दिन = दशमी |
| एघारौँ दिन = एकादशी | एघारौँ दिन = एकादशी |
| बाह्रौँ दिन = द्वादशी | बाह्रौँ दिन = द्वादशी |
| तेह्रौँ दिन = त्रयोदशी | तेह्रौँ दिन = त्रयोदशी |
| चौधौँ दिन = चतुर्दशी | चौधौँ दिन = चतुर्दशी |
| पन्ध्रौँ दिन = पूर्णिमा | पन्ध्रौँ दिन = अमावश्या (औँसी) |

**(ज) गोदावरीका चर्चित व्यक्तिहरू (विद्यालय निर्माण गर्ने)**

| क्र.सं. | व्यक्तिको नाम | ठेगाना | प्रसिद्धि |
|---|---|---|---|
| १ | रामहरि शर्मा | गोदावरी | प्रजा परिषद् सदस्य, राणा विरोधी क्रान्तिकारी योद्धा |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

## अनुसूची ४
## गोदावरी नगरपालिकाको आर्थिक गतिविधि

### (क) गोदावरी नगरपालिकाको कृषि उपजहरू

| क्र.सं. | किसिम | बालीनाली |
|---|---|---|
| १. | अन्नबाली | धान, मकै, कोदो, गहुँ आदि । |
| २. | दलहन | मास, बोडी, सिमी, मस्याङ, मुसुरो आदि । |
| ३. | तेलहन | तोरी, सस्युँ , आदि । |
| ४. | तरकारी | आलु, प्याज, लसुन, धनियाँ, काउली, भण्टा, बन्दा, गोलभैँडा, भिन्डी, साग, मुला, गाजर, गान्टेमुला आदि । |
| ५. | फलफूल | सुन्तला, नासपाती, अम्बा, आल्चा, आलुबखडा, भोगटे, ज्यामिर, कागती आदि । |
| ६. | घरपालुवा जनावर | गाई, गोरु, भैँसी, राँगा, बाख्रा, खरायो, कुकुर, बङ्गुर, बिरालो आदि । |
| ७. | घरपालुवा पन्छी | कुखुरा, हाँस, परेवा, बट्टाइ आदि । |

### (ख) पशु पन्छीपालन

| क्र.सं. | पशुपन्छी |
|---|---|
| १. | गाई |
| २. | भैँसी |
| ३. | बाख्रा |
| ४. | माछा |
| ५. | कुखुरा |
| ६. | बट्टाई |
| ७. | अस्ट्रिच |
| ८. | कालिज |
| ९. | मौरी |
| १०. | बङ्गुर |
| ११. | भेडा |

### (ग) परम्परागत पेसा र व्यवसाय

| क्र.सं. | पेसा |
|---|---|
| १. | जुत्ता सिलाउने |
| २. | कपडा सिलाउने |
| ३. | कपाल काट्ने |
| ४. | निगाला, बेत, बाँसको सामान बनाउने (नाङ्लो, डोको, डालो, कोक्रो, बास्केट, आदि बनाउने) |
| ५. | दुग्ध परिकार बनाउने ( दही, मही, खुवा, घिउ, मख्खन, पुष्टकारी आदि बनाउने) |
| ६. | सिकर्मी |
| ७. | ईँटा निर्माण |

| | |
|---|---|
| ८. | डकर्मी |
| ९. | कर्मकाण्ड/ज्योतिषको काम गर्ने |
| १०. | मूर्तिकला (फलाम, तामा, पित्तलको मूर्ति बनाउने) |
| ११. | फलाम, तामाको सामान बनाउने (हँसिया, खुर्पा, खुकुरी, कोदालो, कुटो, खन्ती आदि बनाउने) |
| १२. | सुनको काम ( गरगहना बनाउने, मर्मत गर्ने बनाउने) |
| १३. | प्याङ बनाउने ( बाँसको माना, पाथी, बट्टा आदि बनाउने) |
| १४. | वैद्य (जडीबुटीको काम) |
| १५. | अचार बनाउने ( तितौरा, लप्सी, अचार) |
| १६. | तेल बनाउने (भुटेको तोरीको तेल बनाउने) |
| १७. | पुष्टकारी बनाउने |

## अनुसूची ५
## स्थानीय निर्वाचन मिति : २०७९/०१/३०

| क्र.सं. | पदाधिकारीको नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री गजेन्द्र महर्जन | प्रमुख | |
| २. | श्री मुना अधिकारी | उपप्रमुख | |
| ३. | श्री श्रीराज थापा | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. १ |
| ४. | श्री मनोहर सिल्वाल | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. २ |
| ५. | श्री सानुराज घिमिरे | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ३ |
| ६. | श्री सानुभाइ पहरी | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ४ |
| ७. | श्री मिलन सिलवाल | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ५ |
| ८. | श्री विष्णुमान महर्जन | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ६ |
| ९. | श्री मथुराप्रसाद घिमिरे | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ७ |
| १०. | श्री सुकबहादुर लामा | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ८ |
| ११. | श्री आत्माराम थापा क्षेत्री | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ९ |
| १२. | श्री शेखर न्यौपाने | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. १० |
| १३. | श्री निलबहादुर देशार | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. ११ |
| १४. | श्री जगतबहादुर महर्जन | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. १२ |
| १५. | श्री भाष्कर थापा | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. १३ |
| १६. | श्री निरोज बज्राचार्य | वडा अध्यक्ष | गोदावरी नपा, वडा नं. १४ |
| १७. | श्री रामकृष्ण दनुवार | सदस्य | |
| १८. | श्री रीता पुर्कुटी मिजार | सदस्य | |
| १९. | श्री राममाया नेपाली | सदस्य | |
| २०. | श्री बिना नगरकोटी | सदस्य | |
| २१. | श्री उमा खड्का | सदस्य | |
| २२. | श्री लक्ष्मीदेवी महर्जन | सदस्य | |
| २३. | श्री उमा विशुङ्खे | सदस्य | |

## अनुसूची ६

### पाठ्यक्रम निर्माणमा सहभागी विज्ञहरू

श्री नवीन थेच्वमि, नेवाः संस्कृतिविद्
श्री वासुदेव कर्मचार्य, संस्कृतिविद्
श्री शिवराज सञ्जेल, क्याम्पस प्रमुख, जनभावना क्याम्पस, चापागाउँ
श्री जनार्दन आचार्य, निमित्त क्याम्पस प्रमुख, किटिनी कलेज, टौखेल
श्री प्रकाशकुमार गोदार, प्रधानाध्यापक, सरस्वती मा. वि., लेले
श्री प्रवीणप्रकाश श्रेष्ठ, प्रधानाध्यापक, वाणीविलास मा. वि., चापागाउँ
श्री रामेश्वर महर्जन, प्रधानाध्यापक, बज्रवाराही मा. वि., बज्रवाराही
श्री शान्तिकुमारी अधिकारी, , प्रधानाध्यापक, पथप्रदर्शक मा. वि., बडिखेल
श्री गोपाल पाण्डे, प्रधानाध्यापक, फूलचोकी मा. वि., ठैव
श्री नवराज महत, प्रिन्सिपल, कञ्चन मा. वि., चापागाउँ
श्री रविन्स शर्मा, प्रिन्सिपल, भ्याली मा.वि., चापागाउँ
श्री पुरुषोत्तम श्रेष्ठ, प्रिन्सिपल, गङ्गाजमुना स्कुल, टिकाभैरव
श्री चक्र महर्जन, प्रिन्सिपल, लिटल स्टर स्कुल, ठेचो
श्री गिरीप्रसाद तिमल्सिना, सचिव, नेपाल शिक्षक महासङ्घ, गोदावरी
श्री अमृत राई, अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, गोदावरी
श्री कमल श्रेष्ठ, अध्यक्ष, नेपाल शिक्षक सङ्घ, गोदावरी
श्री सानुदास नापित, पूर्व प्रधानाध्यापक, बुद्ध मा. वि., बाडेगाउँ
श्री सीताराम खड्का, चण्डीदेवी आ.वि., डुकुछाप
श्री हरिराम महर्जन, इन्द्रेणी इङ्लिस बोर्डिङ स्कुल, ठेचो
श्री कृष्णहरि महर्जन, अध्यक्ष, प्याब्सन गोदावरी
श्री प्रेमपति जोशी, प्रधानाध्यापक, बुद्ध मा.वि., बाँडेगाउँ
श्री रमेश प्रसाद आचार्य, प्रधानाध्यापक, छम्पीदेवी मा.वि., छम्पी
श्री ईश्वरध्वज कार्की, प्रधानाध्यापक, बिशङ्खुनारायण मा.वि., बिशङ्खुनारायण
श्री यज्ञ प्रसाद अधिकारी, प्रधानाध्यापक, जनविकास मा.वि., भरुवाराशी
श्री हरिहर लामिछाने, प्रधानाध्यापक, नवज्योति माध्यमिक विद्यालय, भरुवाराशी
श्री हरिप्रसाद काफ्ले, प्रधानाध्यापक, उदय खर्क माध्यमिक विद्यालय
श्री हरिबहादुर चौहान, प्रधानाध्यापक, देवी माध्यमिक विद्यालय, देवीचौर
श्री दीपक सिंह बानिँया, प्रधानाध्यापक, बुद्ध माध्यमिक विद्यालय, टीकाभैरव
श्री बद्री पौडेल, प्रधानाध्यापक, गणेश माध्यमिक विद्यालय, डुकुछाप
श्री रहरबहादुर श्रेष्ठ, प्रधानाध्यापक, भीमसेन आदर्श माध्यमिक विद्यालय
श्री कृष्णप्रसाद तिमल्सिना, प्रधानाध्यापक, सरस्वती आधारभूत विद्यालय, शिखर्पा
श्री रबिन्द्र सिल्वाल, प्रधानाध्यापक, सिद्धेश्वर आधारभूत विद्यालय,
श्री छायाँकुमारी यादव, प्रधानाध्यापक, श्रीकृष्ण आधारभूत विद्यालय,
श्री अमृतनाथ गौतम, प्रधानाध्यापक, दमाईटार आधारभूत विद्यालय,



गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बज्रबाराही, ललितपुर
सम्पर्क फोनः ०१५५७५९२, ०१५७२७९५
Email: godawari.nagarpalika@gmail.com
Website: www.godawarimun.gov.np